जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १०८ • २०८३ साल भाद्र २० गते शनिबार (5 September, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## बाबु सम्पर्कविहीन: चार सन्तान विचल्ली

**टुडे समाचारदाता**

राजविराज । सप्तरीका बेचन सदा भोटेकोशी बाढीका कारण परिवारको सम्पर्कमा नआएपछि उनका चार सन्तान विचल्लीमा परेका छन् ।

आमा हुलियादेवी सदाको क्यान्सरको कारण मृत्यु भएको र १० दिनदेखि बुबा पनि सम्पर्कविहीन भएपछि हामी दुई दाजुभाई र दुई दिदीबहिनी विचल्लीमा परेको उनकी कान्छी छोरी नौ वर्षीया विभा सदाले गुनासो गरिन् ।

पीडित विभा सदाले प्रश्न गर्दै भनिन्, 'दुई महिनाअघि बुबा त्रिशूली जलविद्युत् पावर हाउसमा कामदारका रूपमा काम गर्दै आउनुभएको थियो । आमा बिरामी हुँदा उपचार गर्ने क्रममा ऋण लागेपछि रोजगारीका लागि त्यहाँ जानुभएको थियो, हामी कसको साहारामा बस्ने ?'

१८ र २० वर्षका दुई दिदीहरूको विवाह भइसकेको छ । तेह्र वर्षीय छोरा सुभाष सदा आफन्त सहयोगमा बाबुको खोजीमा रसुवा गएका छन् ।

त्रिशूली थ्रिवि पावर हाउसमा कामदारका रूपमा कार्यरत बेचन सदासंगै सोही ठाउँका सुरेन्द्र सदा र शिवकुमार सदा रसुवाको भोटेकोशीमा आएको बाढीपछि १० दिनदेखि सम्पर्कविहीन छन् ।

शिवकुमार सदाको चार जना छोराछोरी छन् । उनको बुबाआमा बूढाबूढी छन् । पत्नी पनि बिरामी भएकाले घरको एक्लो साहार सम्पर्कविहीन छन् ।

सात जना परिवारको आहारासमेत खोसिएको उनकी पत्नी गुडिया सदाले बताइन् । सुरेन्द्र सदाको पनि तीन छोराछोरी छन् । कमाउने साहारा सम्पर्कविहीन भएपछि घरमा चुल्हो बल्न छोडेको छ । पत्नी द्रोपतीदेवी सदाले बताइन् ।

सोही ठाउँका सोही पावर हाउसमा कार्यरत अरूण सदा बाढी आउनुभन्दा एक साता अगाडि घर आएका थिए । पुनः त्यहीं जाने तर्खरमा थिए । अचानक बाढी आएको सुनेपछि जान रोकिएका थिए । यस सदा मुसहर बस्तीका तीन जना युवा सम्पर्कविहीन भएसंगै सो टोल अहिले शोकमग्न छ ।

## जसपा नेपालः लुम्बिनीका चार र कोशीका एक सांसद निष्काशित

# पार्टी निर्णयविपरीत सरकारको पक्षमा मतदान गरेका प्रदेश सांसद उपर कारबाही

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल) ले पार्टीको नीति, निर्णय र निर्देशनविपरीत गतिविधि गरेको भन्दै लुम्बिनी प्रदेशका चार जना र कोशी प्रदेशका एक जना प्रदेश सभा सदस्यसहित दुई दर्जनभन्दा बढी जनप्रतिनिधि तथा पार्टी कार्यकर्तालाई निष्काशन गरेको छ ।

ललितपुरस्थित बालकुमारीमा भदौ १६, १७ र १८ गते बसेको पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठकले उनीहरूलाई साधारण सदस्यसमेत नरहने गरी कारबाही गर्ने निर्णय गरेको छ । बैठक पार्टीका संरक्षक महन्थ ठाकुरको उपस्थितिमा तथा अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा बसेको थियो ।




जसपा नेपालले जनाए अनुसार लुम्बिनी प्रदेशमा पार्टीको निर्णयविपरीत प्रदेश सरकारको पक्षमा मतदान गर्नुका साथै सरकारमा समेत सहभागी भएको आरोपमा चार प्रदेश सभा सदस्यलाई कारबाही गरिएको छ । रुपन्देही निर्वाचन क्षेत्र नं. ३ (१) बाट निर्वाचित सन्तोषकुमार पाण्डेय, समानुपातिकतर्फ निर्वाचित हेमा वेल्वासे (केसी), बाँके निर्वाचन क्षेत्र नं. २ (१) बाट निर्वाचित भण्डारीलाल अहिर र बाँके निर्वाचन क्षेत्र नं. २ (२) बाट निर्वाचित आदेशकुमार अग्रवाल कारबाहीमा परेका छन् ।

यसैगरी, कोशी प्रदेशबाट समानुपातिकतर्फ निर्वाचित प्रदेश सभा सदस्य निर्मला तावालाई पनि पार्टीको नीति, सिद्धान्त, विधान तथा निर्देशनविपरीत कार्य गरेको भन्दै पार्टी सदस्यताबाट निष्काशन गरिएको जसपाले जनाएको छ ।

जसपा नेपालभित्र प्रदेश सरकारमा सहभागिता र सत्ता समीकरणका विषयमा विगतदेखि नै मतभेद देखिँदै आएको थियो । पार्टी केन्द्रले लिएको निर्णयभन्दा फरक ढंगले प्रदेशमा राजनीतिक गतिविधि सञ्चालन भएपछि प्रदेश तहका केही सांसद तथा नेतामाथि अनुशासनको प्रश्न उठेको थियो ।

विशेषगरी लुम्बिनीमा प्रदेश सरकारलाई समर्थन गर्ने र सरकारमा सहभागी हुने निर्णय पार्टीको केन्द्रीय नीतिसंग बाझिएको भन्दै सम्बन्धित सांसदहरूलाई स्पष्टीकरणसमेत सोधिएको थियो । पार्टी नेतृत्वले पटक-पटक संस्थागत निर्णय पालना गर्न निर्देशन दिँदै आए पनि त्यसविपरीत गतिविधि जारी राखेको निष्कर्षसहित पछिल्लो बैठकले कडा कारबाही गरेको छ ।

पार्टीले गत प्रतिनिधि सभा निर्वाचन २०८२ का क्रममा पनि आफ्नो नीति, सिद्धान्त, विधान, निर्णय तथा निर्देशनविपरीत गतिविधि गर्ने स्थानीय तहका निर्वाचित जनप्रतिनिधि र कार्यकर्तामाथि कारबाही गरेको जनाएको छ ।

कारबाहीमा सिरहा, पर्सा, खोटाङ, भोजपुर, उदयपुर, इलाम र सुनसरी जिल्लाका स्थानीय तहका जनप्रतिनिधिहरूसमेत परेका छन् ।

सिरहाको लहान नगरपालिकाका उपमेयर राम चलित्तर महतो, सुखीपुर/नन्कारकट्टी क्षेत्रका रमेशकुमार यादव, धनगढीमाई नगरपालिका-७ का विजयकुमार महतो तथा कर्जन्हा नगरपालिका-६ का प्रकाशमान श्रेष्ठ, वडा नं. ८ का शम्भुकुमार व्यार, वडा नं. ९ का मोहम्मद मुस्तकिम र वडा नं. ११ का किस्मत राईलाई कारबाही गरिएको छ ।

पर्साको कालिकामाई गाउँपालिका-३ का अध्यक्ष सञ्जयकुमार पटेल र वडा नं. १ का अध्यक्ष लालबाबु राउत बरै पनि निष्काशित भएका छन् ।खोटाङ जिल्ला समन्वय समितिका प्रमुख सनबहादुर राई, केपीलासगढी गाउँपालिकाका उपप्रमुख गुरुराज राई तथा चिरुङ नगरपालिकाका विभिन्न जनप्रतिनिधि पनि कारबाहीमा परेका छन्। त्यहाँका वडा अध्यक्ष मुग्धन राईसहित वडा सदस्यहरू सहरमान राई, कल्पना राई, दलित महिला सदस्य गीता विक र रामधन राईलाई पार्टी सदस्यताबाट निष्काशन गरिएको जसपाले जनाएको छ ।

त्यसैगरी भोजपुरको टेम्केमैयुङ गाउँपालिका-३ का अध्यक्ष बालकृष्ण राई, उदयपुरको लिचिङ्वुङ गाउँपालिका-४ का अध्यक्ष छत्रबहादुर राई, इलामको माङ्सेबुङ गाउँपालिकाका उपप्रमुख विनोद नेम्वाङ, सन्दकपुर गाउँपालिका वडा अध्यक्ष ज्ञानेन्द्र गुरुङ तथा सुनसरीको कोशी गाउँपालिका-६ का अध्यक्ष जुडीलाल कडौरियामाथि पनि कारबाही गरिएको छ ।

केन्द्रीय कार्यकारिणी बैठकले 'नेपालको वर्तमान राजनीतिक अवस्था र जसपा, नेपालको रणनीतिक दिशा' विषयक राजनीतिक प्रतिवेदन सर्वसम्मतिले पारित गरेको छ । साथै अग्रगामी मोर्चाको गठनलाई स्वागत तथा समर्थन गर्ने निर्णय गरिएको महासचिव डा. सुरेन्द्रकुमार झाले बताए ।

बैठकले भोटेकोशीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारमा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री राहत कोषमा २१ लाख रुपैयाँ उपलब्ध गराउने निर्णयसमेत गरेको छ ।

# दश दिनको छटपटीपछि त्रिशूली–३ 'ए'को सुरुङबाट जीवितै उद्धार

**टुडे समाचारदाता**

जनकपुरधाम । दश दिनसम्म आशा र निराशाबीच बिताएको परिवारमा शुक्रबार अचानक खुसी फर्किएको छ । रसुवामा आएको बाढीपछि सम्पर्कविहीन भएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-४ का ३१ वर्षीय सञ्जयकुमार साह त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङभित्र जीवितै भेटिएपछि परिवारजनको आँसु खुसीमा बदलिएको छ ।

गत भदौ १० गते बाढी आएपछि सम्पर्कविहीन भएका साहलाई नेपाली सेनासहितको उद्धार टोलीले शुक्रबार सुरुङभित्रबाट सकुशल उद्धार गरेको छ । उनी नेपाल विद्युत प्राधिकरणका चौथो तहका कर्मचारीका रूपमा त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनामा कार्यरत थिए ।



सञ्जयको उद्धारको खबर परिवारसम्म पुग्दा दश दिनदेखि घरमा छाएको सन्नाटा एक्कासी चिरिएको छ । छोरा र श्रीमानको अवस्थाबारे कुनै खबर नपाउँदा निरन्तर रोइरहेकी आमा कपुरदेवी र श्रीमती लक्ष्मीको आँखा खुसीका आँसुले भरिएका छन् ।

सुरुङबाट उद्धारमा भइरहेको ढिलाइसंगै परिवारको आशा क्रमशः कमजोर बन्दै गएको थियो । उनी सुरुङभित्रै हुन सक्ने अनुमान भए पनि समय बित्दै जाँदा सकुशल भेटिने विश्वासमा समेत शंका उत्पन्न हुन थालेको थियो ।

'भतिज सञ्जय सुरक्षित नै छन् भन्ने आशा थियो । तर, दिन बित्दै जाँदा सुरुङबाट उद्धारमा ढिलाइ हुँदा हाम्रो निराशा बढ्दै थियो,' सञ्जयका काका कुशेश्वर साहले भने ।

सञ्जयलाई खोज्न उनका जेठान देवकुमार साह घटनास्थलमै पुगेका थिए । परिवारका सदस्यहरू पनि उनको अवस्थाबारे जानकारी लिन निरन्तर प्रयासरत थिए । तर, लामो समयसम्म कुनै सम्पर्क स्थापित हुन नसक्दा उनीहरू बेचैन थिए ।

सञ्जय सुरुङभित्र जीवितै रहेको खबरले परिवारमा दश दिनदेखि चलिरहेको रुवाबासी अन्त्य भएको उनकी बहिनी सुधा साहले बताइन् ।

सुधाले सञ्जय दाई जीवितै भेटिएको खबरले बाढीपछि सम्पर्कविहीन भएका अन्य व्यक्तिका परिवारजनमा समेत नयाँ आशा पलाएको बताइन् ।

काका कुशेश्वरको कामना पनि उस्तै छ । भदौ १० गते बाढी आउनुअघि बिहान करिब ७ बजे सञ्जयले घरपरिवारसंग अन्तिम पटक कुरा गरेका थिए । त्यसपछि बाढी आएपछि उनको मोबाइलमा सम्पर्क हुन सकेन ।

सञ्जय सुरुङभित्रै रहेको हुन सक्ने आशा परिवारमा भने पूर्णरूपमा मरेको थिएन । यही आशाले परिवारलाई दस दिनसम्म धैर्य गर्न बल दिएको थियो ।

सञ्जय सम्पर्कविहीन भएपछि उनकी श्रीमती लक्ष्मीलाई सम्हालिन निकै कठिन भएको थियो । अहिले उनी माइतमा छिन् । सञ्जय-लक्ष्मीकी अढाई वर्षीया छोरी छन् ।

सञ्जय सुरक्षित भेटिएको खबरपछि उनका बाबु रामफल साह, आमा कपुरदेवीलगायत परिवारजन काठमाण्डुमा छन् ।

## उद्धारमा अझै आशा

**टुडे समाचारदाता**

जनकपुरधाम । भोटेकोशीमा आएको महाविपत्ति बाढीपछि दशौँ दिन बितेको छ । महाविपत्तिको एघारौँ दिन पनि खोजी तथा उद्धार कार्य रोकिएको छैन । बाढीका कारण सम्पर्कविहीन भएकाहरूको खोजी जारी रहँदा उनीहरूका परिवारमा आफ्ना आफन्त जीवितै भेटिने आशा अझै बाँकी छ ।

दशौँ दिनको बिहान त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङबाट दुई जनालाई जीवितै उद्धार गरिएपछि खोजी तथा उद्धारमा संलग्न टोलीमा थप उत्साह पैदा भएको छ । लामो समयसम्म सुरुङभित्र फसेका व्यक्तिलाई जीवितै उद्धार गर्न सफल घटनाले विपत्तिमा परेका अन्य व्यक्तिको खोजीमा पनि आशा जगाएको छ ।

बाढी आएको दस दिन पुगिसक्दा पनि घटनाको मानवीय क्षतिको यकिन विवरण भने सार्वजनिक हुन सकेको छैन । विभिन्न स्थानमा भएको क्षति, सम्पर्कविहीन व्यक्तिको संख्या, फेला परेका शव तथा उद्धार गरिएका व्यक्तिको विवरण एकीकृत गर्ने काम अझै जारी छ ।

प्राप्त विवरणअनुसार १ हजार २ सय ८७ जनाको शव फेला परेको छ । तीमध्ये ९६ वटा शवको सनाखत भई सम्बन्धित परिवारलाई बुझाइएको छ । ठूलो संख्यामा शव फेला परे पनि अझै धेरै शवको सनाखत हुन बाँकी रहेकाले परिवार तथा आफन्तमा पीडा र अन्योल कायमै छ ।


त्यस्तै, बाढी तथा पहिरो प्रभावित विभिन्न क्षेत्रबाट हालसम्म १३ हजार ९३ जनाको उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये केहीलाई सुरक्षित स्थानमा सारिएको छ भने आवश्यकताअनुसार राहत तथा उपचारको व्यवस्था मिलाइएको छ ।

विपत्तिमा परी ५ हजार ३ सय ८३ जना घाइते भएको प्रारम्भिक विवरण छ । घाइतेहरूको उपचार तथा थप स्वास्थ्य सहायता उपलब्ध गराउने काम पनि जारी छ ।

हालसम्म ५ हजार ८३ जना सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको छ । सम्पर्कविहीनको संख्या ठूलो भएकाले उनीहरूको खोजी तथा अवस्थाबारे यकिन गर्न सुरक्षा निकाय, स्थानीय प्रशासन र उद्धार टोलीलाई कठिनाइ भइरहेको छ ।

हालसम्म २१ हजार ४ सय २१ सुरक्षाकर्मी खोजी तथा उद्धारलगायतका कार्यमा परिचालित भइसकेका छन् । हाल ४ हजार ५ सय २१ जना होल्डिङ सेन्टरमा रहेका छन् ।

विपत्तिले मानवीय क्षतिसँगै भौतिक पूर्वाधारमा समेत ठूलो क्षति पुऱ्याएको छ । प्रारम्भिक मूल्यांकनअनुसार बाढी तथा त्यसबाट सिर्जित विपत्तिका कारण ३ खर्ब ८७ अर्ब ५४ करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ ।



# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम दाखिला गर्नेक्रम बढ्दै

सर्लाही । भोटेकोशी बाढीपीडितका लागि राहत, उद्धार तथा पुनःस्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम दाखिला गर्नेक्रम बढ्दै गएको छ।

सर्लाहीः सर्लाहीको बागमती नगरपालिकाका सामुदायिक विद्यालयका शिक्षकले मासिक पारिश्रमिकबाट सङ्कलन भएको दुई लाख ४७ हजार ६४० रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेका छन्।

बाढीबाट सर्वस्व गुमाएका परिवारको राहतका लागि उक्त रकम राहत कोषमा दाखिला गरिएको जनता माध्यमिक विद्यालय बागमती नगरपालिका-५, सोल्टी बजारका प्रधानाध्यापक लोकनाथ दाहालले जानकारी दिनुभयो।

त्यसैगरी, विभिन्न विद्यालयका छात्राछात्रले खाजा खर्च कटाएर प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम दाखिला गरेका छन्।

जनबालकल्याण माध्यामिक विद्यालयका छात्रछात्राले १८ हजार ४५०, नव जनजागरण माध्यमिक विद्यालय बागमती-८, का छात्रछात्राले ११ हजार ७५०, महेन्द्र जनता माध्यमिक विद्यालय, बागमती-११, का छात्रछात्राले पाँच हजार २६० रुपैयाँ सङ्कलन गरी दाखिला गरेका छन्।

पर्साः वीरगञ्ज उपमहानगर पालिकाले एक करोड ११ लाख रुपैयाँ दाखिला गरेको छ।

पर्सा जिल्लाका अन्य क्रमशः पर्सागढी नगरपालिकाले तीन लाख तथा सोही नगरपालिकाका नगरप्रमुखले व्यक्तिगत १० हजार, उप्रमुखले सात हजार, वडाध्यक्षहरुले जनही रु पाँच हजार, सखुवा प्रसौनी गाउँपालिकाले पाँच लाख, पटेर्वा सुगौली गाउँपालिकाले पाँच लाख, जगन्नाथपुर गाउँपालिकाले १५ लाख, ठोरी गाउँपालिकाले ११ लाख धोबनी गाउँपालिकाले पाँच लाख र मैनपुर गाउँपालिकाले पाँच लाख रुपैयाँ जम्मा गरेका छन्।



चितवनः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), चितवनको तर्फबाट एक लाख ७० हजार ६९८ रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको छ। रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीपछि प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि उक्त रकम दाखिला गरिएको जिल्ला सभापति ई. मिनीमाधव खनालले जानकारी दिनुभयो । नवलपुरः नवलपर सी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा रहेको अक्सफोर्ड कलेज अफ इन्जिनियरिङ एण्ड म्यानेजमेन्ट कलेज पाँच लाख पाँच हजार रकम कोषमा दाखिला गरेको छ।

कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थी, शिक्षक एवं कर्मचारीले स्वेच्छिक सङ्कलन गरेको उक्त रकम सङ्घीय सांसद राजन गौतममार्फत कोषमा जम्मा गरिएको कलेजका प्रिन्सिपल प्राध्यापक डा इन्जिनियर हरि भण्डारीले जानकारी दिनुभयो। धनुषाःधनुषा जिल्लाबाट ६६ लाख रुपैयाँ दाखिला गरिएको छ। धनुषाको हंसपुर नगरपालिकाबाट ३६ लाख, मिथिला विहारी नगरपालिकाबाट रु ३० लाख सङ्कलन गरिएको हो । उक्त रकम नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा शिक्षक एवं स्वास्थ्य कर्मचारीको मासिक पारिश्रमिकबाट जम्मा गरिएको थियो। मकवानपुरः नेपाल प्रेस युनियन, मकवानपुर शाखाले भोटेकोशी बाढीपीडितका लागि रु ५० हजार सहयोग उपलब्ध गराएको छ। उक्त रकम मकवानपुर जिल्लाका पत्रकार हरुले जम्मा गरेको अध्यक्ष सुवास विडारीले जानकारी दिनुभयो । रासस

# हिमतालको अध्ययन र जोखिम मूल्याङ्कन गर्नुपर्नेमा जोड

ताप्लेजुङ । चीनसँगको सीमावर्ती क्षेत्रमा रहेका हिमतालको अध्ययन तथा जोखिम मूल्याङ्कन गर्न आवश्यक रहेको औंल्याइएको छ।

उत्तरी क्षेत्र मिक्वाखोला, फक्ताङ्लुङ र सिरीजङ्घा गाउँपालिकामा धेरै हिमतालहरू रहेको र उक्त तालको अध्ययन अनुसन्धान गर्न आवश्यक रहेको बैठकले निष्कर्ष निकालेको हो।

जिल्ला विपद् व्यवस्थापन समिति ताप्लेजुङको बैठकले उक्त यस्तो निष्कर्ष निकाल्दै आवश्यक व्यवस्थापन गर्न राष्ट्रिय विपद् जोखिम न्युनिकरण व्यवस्थापन प्राधिकरणसँग पहल गर्ने सहितका निर्णय गरेको छ।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालको अध्यक्षतामा बसेको बैठकले विस्तृत अध्ययन अनुसन्धान गरी आवश्यक व्यवस्थापनका लागि प्राधिकरणसहित कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने निर्णय भएको हो।

मनसुनजन्य गतिविधिले सडकसहितका पूर्वाधारमा क्षति पुग्ने भएकाले रोकथामका लागि मौज्दात रहेको ग्याबिन तारजाली सकिएकाले सम्बन्धित निकाय सँग माग गर्ने तयारी गरेको छ।

मनसुनका कारण हुनसक्ने क्षतिलाई ध्यानमा राख्दै यसको रोकथाम र व्यवस्थापनका लागि सबै स्थानीय तहले जोखिम क्षेत्रको विवरण अद्यावधिक गर्ने र आ-आफ्नो क्षेत्रमा रहेका सामुदायिक भवनलाई सदुपयोग गर्न सक्ने अवस्थामा राख्ने समेत निर्णय भएको प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालले बताउनुभयो।

यसैबीच, फक्ताङ्लुङ गाउँपालिकाको उच्च हिमाली क्षेत्रमा रहेका घाङ्लुङ ताल र नाङ्मा पोखरी कुनै पनि बेला फुट्न



सक्ने जोखिम रहेकाले वैज्ञानिक अध्ययन आवश्यक रहेको स्थानीय जनप्रतिनिधिको भनाइ छ।

फक्ताङ्लुङ गाउँपालिकामा पर्ने नाङ्मा पोखरी विसं २०३६ मा फुटेको थियो। पोखरी फुटेर आएको बाढीमा परी त्यसबेला जोङ्गीममा बसोबास चार जनाको ज्यान गएको थियो।

करिब चार हजार २०० मिटरको उचाइमा रहेको नाङ्मा पोखरी याङ्मा क्षेत्रमा पर्छ। उक्त पोखरी फुटेमा त्यसबाट निस्कने पानी याङ्मा खोला हुँदै तमोर नदीमा मिसिने भएकाले याङ्मादेखि तमोर नदी किनारसम्मका बस्ती प्रभावित हुन सक्ने जोखिम रहेको उहाँले बताउनुभयो। हाल याङ्मामा नौ परिवारको बसोबास रहेको छ।

यस्तै, चीनसँगको सीमानाका टिपताला नजिकै, नाकाभन्दा करिब २०० मिटर तल तमोर नदीको उद्गम क्षेत्रमा घाङ्लुङ ताल रहेको छ। उक्त ताल फुटेमा फक्ताङ्लुङ गाउँपालिकाको ओलाङचुङगोला लगायत तमोर नदी किनारमा रहेका बस्ती जोखिममा पर्ने अध्यक्ष शेर्पाले बताउनुभयो।

समुद्री सतहबाट करिब तीन हजार १०० मिटरको उचाइमा रहेको ओलाङचुङ्गोलामा ५१ परिवारको बसोबास छ। उच्च हिमाली क्षेत्रमा रहेका यस्ता तालको अवस्थाबारे नियमित अध्ययन नहुँदा सम्भावित विपद्को जोखिमबारे यकिन गर्न कठिन भइरहेको बताइएको छ।

घाङ्लुङ, नाङ्मासहित उत्तरी हिमाली क्षेत्रमा रहेका ताल, पोखरीको अध्ययन अनुसन्धान गर्न आफूले पहिल्यैदेखि आवाज उठाउँदै आएको तर सम्बन्धित निकायले अध्ययन तथा अनुसन्धानमा चासो नदिएको उहाँको गुनासो छ।

"वडाको बजेटले मात्रै यस्ता ठूला हिमतालको अध्ययन गर्न सम्भव छैन," शेर्पाले भन्नुभयो, "सम्भावित जोखिम पहिचान गरी समयमै सावधानी अपनाउन संघ, प्रदेश तथा सम्बन्धित अन्य निकायले सहयोग गर्नुपर्छ।"

स्थानीय तहले मात्र अध्ययन गर्न नसक्ने भएकाले विज्ञसहितको टोली परिचालन गरी तालको गहिराइ, पानीको मात्रा, सम्भावित बाढीको मार्ग तथा जोखिममा पर्न सक्ने बस्तीको अध्ययन गर्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभएको छ।

उत्तरी ताप्लेजुङमा यस्ता हिमतालको स~~ख्या धेरै रहेको बताइन्छ। सम्भावित हिमताल विस्फोटबाट हुने बाढीले जनधनसँगै सडक, पुल, विद्युत् तथा अन्य पूर्वाधारमा समेत क्षति पुऱ्याउन सक्ने भएकाले जोखिमयुक्त तालको पहिचान र नियमित अनुगमनलाई प्राथमिकतामा राख्नुपर्ने देखिएको स्थानीयले बताए । रासस

# बाढीले बगाएर ल्याएका मृत पशुको व्यवस्थापन गर्दै भरतपुर



नारायणगढ । रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीले कयौं पशुचौपाया बगाएर नारायणी नदी किनारमा पुर्याएको छ। बाढीले बगाएर ल्याएका मृत पशु नारायणी नदी किनारमा छरपस्ट भएपछि भरतपुर महानगरपालिकाले तिनको व्यवस्थापन थालेको हो।

महानगरका प्रहरी प्रमुख एवं प्रहरी नायब उपरीक्षक कृष्णहरि ढकालका अनुसार भदौ १५ गतेदेखि नारायणी नदीमा भेटिएका मृत पशुको व्यवस्थापनका लागि विशेष अभियान सञ्चालन गरिएको हो। दैनिक जेसिबी र ट्र्याक्टरसहित महानगर प्रहरीको टोली यो कार्यमा खटिँदै आएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "धेरै मात्रामा भैंसी र गाई भेटिएका छन् । त्यसका साथै सुँगुर र बङ्गुर पनि भेटिएका छन्। नदी किनारका बस्तीमा दुर्गन्ध फैलिन थालेकाले व्यवस्थापन गर्न आवश्यक देखेपछि काम थालेका हौं।"

प्रहरी नायब उपरीक्षक ढकालका अनुसार भरतपुर महानगरपालिका-१ देवघाट (ठिमुरा) बाट गोलाघाटसम्म बस्ती नजिक भेटिएका मृत पशुलाई बस्तीभन्दा केही टाढा लगेर व्यवस्थापन गरिँदैछ। बस्ती नभएको स्थानमा भेटिएका मृत पशुलाई भने पशु प्राविधिकको समन्वयमा सोही स्थानमा गाड्ने गरिएको उहाँले जानकारी दिनुभयो।

हाल दैनिक पाँचदेखि सात वटासम्म मृत पशुको व्यवस्थापन भइरहेको छ । मृत पशुको व्यवस्थापनका लागि महानगर प्रहरीसँगै महानगरपालिकाका भेटेरिनरी प्राविधिकसमेत खटिएका छन्। भदौ १० गतेदेखि महानगर प्रहरीको टोली बाढीमा बेपत्ता भएका मानिसको शव खोजी तथा व्यवस्थापनमा पनि खटिएको छ। रासस

# आठ रात नौ दिनमा सकियो: भक्तपुरको गाईजात्रा

ख्वप । साउन १२ गते गुन्हीपुन्ही (जनैपूर्णिमा)को दिनदेखि सुरु भएको भक्तपुरको गाईजात्रा आज सम्पन्न भएको छ।

आठ रात नौ दिन चल्ने यो जात्रा कृष्ण जन्माष्टमीको दिन कृष्णलाई नगर परिक्रमा गराएर सम्पन्न भएको हो। जनैपूर्णिमाको भोलिपल्ट गाईजात्राका दिन दिवङ्गत व्यक्तिको सम्झनामा गाईजात्रा निकाल्ने भए पनि अन्य दिनमा भने घिन्ताङघिसी नाच र व्यङ्ग्य प्रस्तुत गर्दै भक्तपुरमा सात दिनसम्म गाईजात्रा मनाउने गरिन्छ।

गाईजात्रादेखि शुक्रबार प्रत्येक दिन अपराह्न भक्तपुरमा घिन्ताङघिसी नाचसँगै हनुमान नाच, माक प्याख नाच, जङ्गली नाच, व्यङ्ग्यात्मक कार्टुन, प्लेकार्ड प्रदर्शन गर्दै नगर परिक्रममा गराइएको थियो। आज भक्तपुरमा परम्परागत पहिरन हाकुपटासी लगाएर लामबद्ध सयौं महिला र पुरुषले दौरा सुरुवाल लगाएर बाजागाजासहित नारायणलाई बत्ती बालेर नरपरिक्रमा गरिएको



थियो।

श्रीकृष्ण जन्माष्टमी रहेकाले नारायणको पूजा गरी बत्ती बालेर भक्तपुरका बालबालिका एवं युवाहरूले टाउँको, हात र शरीरमा पालाको बत्ती बालेर सूर्यमढीदेखि दत्तात्रय, सुकुलढोका, टौमढी, वंशगोपाल, इनाचो दरबार क्षेत्र हुँदै पुनः सूर्यमढी परिक्रमा गरेको थियो।

भक्तपुर नगरपालिका-९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले टोलटोलमा भइरहेको सांस्कृतिक प्रतियोगिताको प्रदर्शनी आजदेखि समापन भएको बताउनुभयो । उहाँले प्रतियोगितामा भक्तपुरको टोलटोलबाट सयौं सांस्कृतिक ऐतिहासिक नाचहरु प्रस्तुत भएको उहाँले बताउनुभयो।

एकजना जात्राप्रेमी सविना बोहजुले आज अन्तिम दिन भक्तपुरमा घिताङघिसी ल्याउने भएकाले जात्राप्रेमीहरुका बाटोभरि लर्को रहेको बताउनुभयो। आज भक्तपुर नगर पूरै बाजागाजामय, परम्परागत पोसाकमय र घिताङघिसीमय भएको उहाँले सुनाउनुभयो । पाँच १० वर्षको बालबालिकादेखि ७०/८० वर्षका वृद्धवृद्धासम्म सहभागी रहेका थिए। रासस

# राष्ट्रपति रामचन्द्र पौडेलद्वारा पाटन कृष्ण मन्दिरमा पूजाआराधना

ललितपुर । राष्ट्रपति रामचन्द्र पौडेलले ललितपुरको पाटनस्थित कृष्ण मन्दिरमा पूजाआराधना गरी भगवान् श्रीकृष्णको दर्शन गर्नुभएको छ । राष्ट्रपति पौडेलले भगवान् श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा राष्ट्रप्रमुखको हैसियतमा प्रथम महिला सविता पौडेलसहित पाटन दरबारस्थित कृष्ण मन्दिर पुगेर भगवान् श्रीकृष्णको पूजाआराधना गरी पुजारीबाट फूल प्रसाद ग्रहण गर्नुभएको हो। फूल प्रसाद ग्रहणपछि उहाँले मन्दिरका पुजारीलाई दक्षिणा प्रदान गर्नुभयो।



कृष्ण मन्दिर परिसरमा राष्ट्रपति पौडेललाई ललितपुर महानगरपालिकाका प्रमुख चिरीबावु महर्जन, ललितपुर जिल्ला समन्वय समितिका प्रमुख ऋषिदेव फुयाँल, प्रमुख जिल्ला अधिकारी नरहरि घिमिरे, सहायक प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुङ्गेल, महानगरका प्रमुख प्रशासकीय अधिकृत रेखादास श्रेष्ठलगायतले स्वागत गर्नुभएको थियो।

राष्ट्रपति कृष्ण मन्दिर पुग्नु हुँदा ललितपुर क्षेत्र नं २ का सांसद एवं पूर्वमन्त्री जगदीश खरेल, बागमती प्रदेशका कार्यवाहक सभामुख अप्सरा चापागाईं, पूर्वमन्त्री मदुसुधन पौडेल, प्रेमभक्त महर्जन, प्रदेश सभासद रघुनाथ महर्जनसमेत उपस्थित भएर स्वागत गर्नुभएको थियो।

मन्दिरमा दर्शन गरी प्रसाद ग्रहणपछि राष्ट्रपति पौडेलले मङ्गहिटीको अवलोकन गर्नुभएको थियो । भगवान श्रीकृष्णको जन्म भएको सम्झनामा हरेक वर्ष भाद्र कृष्ण अष्टमीका दिन यो पर्व मनाउने गरिन्छ। ललितपुरको पाटनस्थित कृष्ण मन्दिरका साथै मुलुकभरका कृष्ण मन्दिरहरूमा आज दिनभर नै भगवान् श्रीकृष्णको पूजाआराधना गर्दै सुख, शान्ति, समृद्धि र पारिवारिक कल्याणको कामना गर्ने भक्तजनको ठूलो घुइँचो लागेको थियो।

हिन्दू धर्मअनुसार द्वापर युगमा भाद्र कृष्ण अष्टमीकै दिन भगवान् श्रीकृष्णको जन्म भएको विश्वासमा कृष्ण जन्माष्टमी पर्व मनाउने प्रचलन छ । श्रीकृष्ण जन्माष्टमी पर्वले धार्मिक आस्थासँगै नेपालको मौलिक कला, संस्कृति, परम्परा र सामाजिक सद्भावलाई समेत उजागर गर्दै आएको छ।

राजा सिद्धिनरसिंह मल्लको पालामा १७औं शताब्दीमा निर्माण भएको पाटनको कृष्ण मन्दिरमा मल्लकालदेखि नै कृष्ण जन्माष्टमीमा राष्ट्राध्यक्षबाट विशेष पूजाआराधना हुँदै आएको धार्मिक, सांस्कृतिक परम्परा छ । राजतन्त्र रहँदा राजा र राजपरिवारले कृष्ण जन्माष्टमीमा मन्दिर दर्शन गर्ने चलन थियो। विसं २०६५ मा गणतन्त्र स्थापना भएपछि राष्ट्रप्रमुखको भूमिकामा राष्ट्रपतिले उक्त परम्परालाई निरन्तरता दिने कार्य हुँदै आएको छ। रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आर्थिक मुद्दा मामलाहरुमा सावधानी अपनाउनुहोस्।
वृष : व्यापार व्यवसायलाई लिएर उच्चपदासीन व्यक्तिसंग भेटघाट लाभदायी रहनेछ।
मिथुन : परिवार र कार्यक्षेत्रमा सन्तुलन बनाएर राख्नुहोस्।
कर्कट : काममा नेतृत्व क्षमता देखिनेछ।
सिंह : नयाँ योजनाहरु सफल रहनेछन्।
कन्या : कर्मक्षेत्रमा गरेको कार्य सिद्ध हुनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ।
तुला : समयलाई आफ्नो अनुकूल बनाउन नसकिएला।
वृश्चिक : संवाद र भाषण शैलीमा आफ्नो प्रतिभालाई जनाउन सकिनेछ।
धनु : कामको खोजीमा आफन्तबाट टाढिनुपर्ला।
मकर : गृहिणीहरुले घरमा हातहतियारको प्रयोग गर्दा सावधानी अपनाउनुहोला।
कुम्भ: आर्थिक योजना गोप्य राखेर अघि बढाउनु लाभदायक हुनेछ।
मीन: सामाजिक घेरामा तपाईको भुमिका बढ्नेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# चाडपर्वमा डिजे र अश्लील नाचगानमा रोक

टुडे समाचारदाता

रौतहट । जिल्ला प्रशासन कार्यालय रौतहटले चाडपर्वलाई लक्षित गर्दै चर्को आवाजमा डिजे तथा लाउडस्पिकर बजाउने र अश्लील नाचगान नगर्न-नगराउन आग्रह सहित कडा चेतावनी दिएको छ।




जिल्ला प्रशासन कार्यालयले सार्वजनिक अपिल जारी गर्दै विवाह, व्रतबन्ध, मेला, जात्रा तथा महोत्सव जस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रममा चर्को आवाजमा डिजे, लाउडस्पिकर बजाउने र सार्वजनिक स्थानमा हो-हल्ला गर्ने कार्यले ध्वनि प्रदूषण बढाउनुका साथै दैनिक जनजीवन, बिरामीको स्वास्थ्य, अध्ययन-अध्यापन तथा स्वास्थ्य संस्थाको सेवा प्रवाहमा समेत असर पार्ने भएको हुँदा उक्त कार्य नगर्न र नगराउन चेतावनी दिएका छन्।

प्रशासनले विशेषगरी अश्लील नाचगानका कारण महिला तथा बालबालिकामा असहजता र नकारात्मक प्रभाव पर्ने भन्दै यस्ता गतिविधि पूर्ण रूपमा रोक्न जिल्लावासीलाई आग्रह गरेका हुन्।

जिल्ला प्रशासन कार्यालय रौतहटका सहायक प्रमुख जिल्ला अधिकारी हेमराज फुयालद्वारा जारी सूचनामा सार्वजनिक अपिलको उल्लंघन गर्ने जो-कोही माथि कानुन बमोजिम कारबाही गरिने स्पष्ट चेतावनी दिए।

चाडपर्वको नाममा मनोरञ्जन गर्ने क्रममा अरूको स्वास्थ्य, शान्ति र सामाजिक वातावरणमा असर नपार्न आग्रह गर्दै जिम्मेवार र मर्यादित रूपमा पर्व मनाउन जिल्लावासीलाई अनुरोध उनले गरे।

प्रशासनले जारी गरेको अनुरोध सँगै अब चाडपर्वका नाममा रातिसम्म चर्को डिजे बजाउने तथा अश्लील कार्यक्रम सञ्चालन गर्नेहरू प्रशासनको निगरानी रहने समेत जारी अपिलमा भनिएको छ।

यसअघि कृष्ण जन्माष्टमी जस्तो पवित्र धार्मिक पर्वको नाममा अर्धनग्न नृत्य, अश्लील गीत तथा उच्छृंखल गतिविधि हुन नदिन स्थानीय युवाहरुले स्थानीय प्रशासनको ध्यानाकर्षण गराएका थिए।

गढीमाई नगरपालिका-८ वीरनगरा स्थित रामजानकी मठको प्रांगणमा कृष्ण जन्माष्टमीको अवसरमा हुने कार्यक्रममा अश्लील नाचगान तथा असामाजिक गतिविधि हुन सक्ने भन्दै स्थानीय राजनीतिकर्मी तथा समाजसेवी युवाहरूले जिल्ला प्रशासन कार्यालय गौरमा उपस्थित भएर प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएका थिए।

प्रजिअ दिनेस सागर भुसाललाई ध्यानाकर्षण पत्र स्थानीय युवा विवेक प्रसाद यादवले बुझाउदै पछिल्लो समय धार्मिक तथा सांस्कृतिक कार्यक्रमको नाममा अश्लील गीत बजाउने, अर्धनग्न नृत्य प्रदर्शन गर्ने, मदिरा सेवन गरी होहल्ला तथा झैझगडा गर्ने गतिविधि बढ्दै गएकोमा समाजिक सदभावमा खलल पुग्ने भएको हुँदा समयमै प्रशासनले उक्त कार्यप्रति गम्भीर बन्न माग गरिएको थियो।

जन्माष्टमीका अवसरमा आयोजना हुने मेला, महोत्सव तथा अन्य कार्यक्रमहरूमा अश्लील नाचगान र समाजमा अश्लीलता फैलाउने गतिविधि पूर्ण रूपमा निषेध र सार्वजनिक स्थलमा मदिरा सेवन गरी होहल्ला गर्ने, झैझगडा गर्ने तथा शान्ति सुरक्षामा खलल पुर्याउने व्यक्तिमाथि कानुन बमोजिम कडा कारबाहीको माग गरेका थिए।

# मिथिलाबिहारीद्वारा बाढी पिडीतलाई ३० लाख सहयोग

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको मिथिला बिहारी नगरपालिकाले रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढी तथा पहिरोबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले करिब ३० लाख रुपैयाँ सहयोग गर्ने भएको छ।




नगरपालिकाको कार्यपालिका तथा विपद् व्यवस्थापन समितिको निर्णयअनुसार जनप्रतिनिधि, कर्मचारी, नगरपालिका विपद् व्यवस्थापन कोष तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीबाट रकम संकलन गरिएको हो।

नगरपालिकाका अनुसार विपद् व्यवस्थापन कोषबाट १० लाख रुपैयाँ, नगर प्रमुख राजेन्द्रप्रसाद यादवको तर्फबाट २४ हजार ५ सय रुपैयाँ, उपप्रमुखको तर्फबाट १९ हजार रुपैयाँ, वडा सदस्यहरूको तर्फबाट १ लाख २ हजार रुपैयाँ, कार्यपालिका सदस्यहरूको तर्फबाट १ लाख ३८ हजार रुपैयाँ र नगरपालिकाका कर्मचारीहरूको तर्फबाट ७ लाख ९१ हजार १२४ रुपैयाँ सहयोग संकलन गरिएको छ।

त्यस्तै, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको तर्फबाट ९ लाख ३ हजार ४८५ रुपैयाँ सहयोग जुटाइएको नगरपालिकाले जनाएको छ। यसरी विभिन्न शीर्षकबाट संकलित कुल २९ लाख ७८ हजार १०९ रुपैयाँ नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने नगरपालिकाले जनाएको छ।

नगरपालिकाले विपद्का कारण प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सबै पक्षबाट सहयोग आवश्यक रहेको भन्दै मानवीय विपद्को समयमा सहकार्य र एकताको आवश्यकता औंल्याएको छ।

नगरपालिकाले भदौ १० गते भोटेकोशी नदीमा आएको बाढी र पहिरोबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली, शोकसन्तप्त परिवारप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।

## सिद्धार्थ शिशु सदनले गरे २ लाख ५१ हजारको सहयोग



टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधामस्थित सिद्धार्थ शिशु सदन स्कुलले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनाका लागि आर्थिक सहयोग गरेको छ।

विद्यालयले प्रधानमन्त्री दैवीप्रकोप राहत कोषमा २ लाख ५१ हजार रुपैयाँ सहयोग रकम जम्मा गरेको हो। विद्यालयका प्रिन्सिपल राजु यादवले सहयोग रकम जम्मा गरेको भौचर तथा सम्बन्धित पत्र धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेललाई हस्तान्तरण गरेका छन्।

बाढीबाट ठूलो जनधनको क्षति भएपछि प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनाका लागि विभिन्न संघसंस्था, निजी क्षेत्र तथा सर्वसाधारणबाट सहयोग जुटिरहेको छ। सोही अभियानमा ऐक्यबद्धता जनाउँदै विद्यालयले आफ्नो तर्फबाट सहयोग गरेको जनाएको छ।

विद्यालयले विपद्को समयमा पीडित परिवारलाई सहयोग गर्नु सामाजिक दायित्व भएको भन्दै राहत तथा पुनःस्थापनाका लागि सबै पक्षबाट सहयोग र सहकार्य आवश्यक रहेको जनाएको छ।

# रौतहटमा दाइजोका कारण दुई महिलाको मृत्यु

टुडे समाचारदाता

रौतहट । दाइजाको कारण रौतहटकी दुई महिलाको मृत्यु भएको छ । बारा सिम्रौनगढ नगरपालिका-५ इटवालमा ससुराली रहेकी रौतहटको ईशनाथ नगरपालिका-५ की २२ वर्षीया आरती कुमारी तेली र रौतहटकी १८ वर्षीया सुमेदी कुमारी पटेलको दाइजो कारण मृत्यु भएको आरोप लगाइएको छ।



आरतीको मृत्यु प्रकरणमा प्रहरीले उनका श्रीमान अनिष साहलाई पक्राउ गरेको छ । आरतीको मृत्यु आत्महत्या नभई दाइजोको निहुँमा कुटपिटपछि हत्या गरिएको माइती पक्षको आरोप छ।

रौतहटको ईशनाथ नगरपालिका-५ माइती भएकी आरतीको मृत्युबारे सत्यतथ्य छानबिन र दोषीमाथि कारबाहीको माग गर्दै उनका माइती पक्षले शुक्रबार गौरमा पत्रकार सम्मेलन गरेका छन्।

मृतकका दाजु नेपाली साह तेलीले इलाका प्रहरी कार्यालय सिम्रौनगढमा दिएको जाहेरीमा आरतीका श्रीमान अनिष साह तेलीसहित पाँच जनाविरुद्ध अनुसन्धान तथा कानुनी कारबाहीको माग गरेका छन्।

जाहेरीमा आरतीका ससुरा अनोती प्रसाद तेली, श्रीमान अनिष साह तेली तथा परिवारका सबिता देवी, इन्दु देवी र कृष्णा देवीलाई घटनामा संलग्न भएको आरोप लगाइएको छ।

माइती पक्षका अनुसार आरतीको विवाहका बेला दाइजो तथा मोटरसाइकलका लागि ७ लाख ५० हजार रुपैयाँ, सुनका गरगहना र पछि करिब २ लाख ५० हजार रुपैयाँ बराबरका फर्निचरसमेत दिइएको थियो । त्यसका बाबजुद थप दाइजोको माग गर्दै आरतीलाई मानसिक तथा शारीरिक यातना दिने गरिएको उनीहरूको दाबी छ।

आरतीले ससुरालीमा आफूले भोग्दै आएको यातनाबारे पटक-पटक फोन तथा ह्वाट्सएपमार्फत माइतीलाई जानकारी गराउने गरेको पनि जाहेरीमा उल्लेख छ।

माइती पक्षका अनुसार २०८३ साउन २७ गते बिहान आरतीलाई भान्सा कोठामा कुटपिट गरिएको थियो । कुटपिटपछि उनका चुरा फुटेको अवस्थामा भेटिएको र पछि अर्को कोठाको सिलिङ फ्यानमा कपडा बाँधेर झुन्ड्याइएको उनीहरूको आरोप छ।

यस्तै दुई महिनाअघि मात्रै प्रेम विवाह गरेकी रौतहटकी १८ वर्षीया सुमेदी कुमारी पटेल आफ्नै घरको भान्सा कोठामा झुन्डिएको अवस्थामा मृत फेला परेकी छन्।

उनको मृत्यु आत्महत्या नभई दाइजोका कारण हत्या गरेर झुन्ड्याइएको हुनसक्ने आरोप माइती पक्षले लगाएका छन् । रौतहटको देवाही गोनाही नगरपालिका-३ गोठटोलमा भदौ १७ गते बिहान ५ बजे सुमेदी घरको भान्सा कोठामा सालको पासो लगाई झुन्डिएको अवस्थामा फेला परेकी थिइन्।

बुहारीलाई झुन्डिएको अवस्थामा देखेपछि सासुले प्रहरीलाई खबर गरेको इलाका प्रहरी कार्यालय देवाही गोनाहीले जनाए । गरुडा नगरपालिका-७ पिपरिया निवासी सुमेदीले गत असार १९ गते देवाही गोनाही-३ का २२ वर्षीय रौनक राज पटेलसँग परिवारको सहमति बिना प्रेम विवाह गरेकी थिइन्।

विवाहपछि उनी रौनककै घरमा बस्दै आएकी थिइन् । तर, वैवाहिक जीवन सुरु गरेको दुई महिना नपुग्दै उनको रहस्यमय ढंगबाट मृत्यु भएको छ। घटनापछि सुमेदीका माइती पक्षले छोरीलाई विवाहपछि दाइजोका लागि दबाब, मानसिक तथा शारीरिक यातना दिने गरिएको आरोप लगाएका छन् । मृतकका बुवा लालबाबु पटेलका अनुसार रौनक, उनका बुवा सुभाष पटेल र बहिनीले ६ तोला सुन, मोटरसाइकल तथा नगद लगायतका सामग्री दाइजोमा माग गर्ने गरेका थिए।

माइती पक्षको दाबीले माग अनुसार दाइजो दिन नसकेपछि सुमेदीमाथि कुटपिट तथा मानसिक यातना बढ्दै गएको थियो । यही कारण उनको हत्या गरी शव झुन्ड्याएर आत्महत्या गरेको देखाउन खोजिएको हुनसक्ने उनीहरूको आशंका छ।

तर, माइती पक्षले लगाएको हत्या तथा दाइजो यातना सम्बन्धी आरोपको स्वतन्त्र पुष्टि भने भइसकेको छैन । सुमेदीको मृत्यु आत्महत्या हो वा अन्य कुनै कारणबाट भएको हो भन्ने विषय पोस्टमार्टम रिपोर्ट र प्रहरी अनुसन्धानबाट खुल्नेछ। मृतकका आफन्तले घटनाको निष्पक्ष छानविन तथा अनुसन्धान गरी मृत्युको वास्तविक कारण सार्वजनिक गर्न र दोषी देखिए कानुन अनुसार कडा कारबाही गर्न माग गरेका छन्।

# हरिद्वार टोलीद्वारा बाढी प्रभावितलाई राहत वितरण

टुडे समाचारदाता

रौतहट । नेपालमा प्राकृतिक विपद्ब बाढीबाट प्रभावित परिवारलाई राहत तथा सहयोग उपलब्ध गराउने अभियान जारी रहेको छ । विपद्को यस घडीमा गायत्री तीर्थ शान्तिकुञ्ज हरिद्वारको टोलीले मानवीय संवेदनासहित राहत तथा सेवा अभियान अघि बढाएको छ।



अखिल विश्व गायत्री परिवारको विपद् राहत टोली प्रभावित क्षेत्रमा पुगेर आवश्यक राहत सामग्री वितरण गरिरहेको छ। राहत सामग्री उपलब्ध गराउनुका साथै टोलीले संकटको समयमा आफूहरू पीडित परिवारसँगै रहेको सन्देशसमेत दिइरहेको छ।

विपद्पछि धेरै परिवारका लागि खाद्यान्न, दैनिक उपभोग्य सामग्री तथा सुरक्षित जीवनयापन चुनौतीपूर्ण बनेको छ। यस्तो अवस्थामा शान्तिकुञ्जको टोलीले स्थानीय आवश्यकतालाई ध्यानमा राख्दै राहत कार्य सञ्चालन गरिरहेको जनाएको छ।

नेपालमा गायत्री परिवारसँग आबद्ध स्वयंसेवकहरू पनि प्रभावित क्षेत्रमा सक्रिय छन् । उनीहरूले राहत टोलीसँग समन्वय गरी आवश्यकतामा रहेका परिवारसम्म सहायता पुऱ्याउन सहयोग गरिरहेका छन्।

शान्तिकुञ्ज परिवारले आफ्ना आराध्यदेव परमपूज्य पण्डित श्रीराम शर्मा आचार्य तथा वन्दनीया माता भगवती देवी शर्माको 'पीडित मानवताको सेवा नै सच्चा साधना' भन्ने सन्देशलाई आधार बनाएर सेवा कार्य अघि बढाएको जनाएको छ । अखिल विश्व गायत्री परिवारकी प्रमुख श्रद्धेया शैलजीजी तथा देव संस्कृति विश्वविद्यालयका उपाध्यक्ष डा. चिन्मय पण्ड्या नेपालमा खटिएको राहत टोलीसँग निरन्तर सम्पर्कमा छन्।

**डा. पण्ड्याले विपद्को समयमा पीडित मानवतासँग उभिनु नै सच्चा मानवीय पहल भएको बताएका छन्।**

डा. पण्ड्याले विपद्को समयमा पीडित मानवतासँग उभिनु नै सच्चा मानवीय पहल भएको बताएका छन्। प्रत्येक कार्यकर्ता करुणा र संवेदनाका साथ आवश्यकतामा रहेका नागरिकको सहयोगमा जुटेको उनको भनाइ छ। उनका अनुसार सेवा अभियानको उद्देश्य राहत सामग्री पुऱ्याउनु मात्र नभई संकटमा परेका परिवारलाई आत्मीयता र मानसिक संबल प्रदान गर्नु पनि हो।

शान्तिकुञ्जको सञ्चार विभागका अनुसार डा. चिन्मय पण्ड्याको मार्गदर्शनमा राहत तथा सेवा अभियान निरन्तर अघि बढिरहेको छ । शान्तिकुञ्जको विपद् राहत टोलीसँगै १०० भन्दा बढी स्वयंसेवक दिनरात सेवा कार्यमा खटिएका छन्।

टोलीको मुख्य बेस क्याम्प काठमाडौंमा रहेको छ भने दोस्रो क्याम्प विदुरको पीपलटारमा स्थापना गरिएको छ। उक्त क्याम्पबाट दैनिक करिब एक हजार प्रभावित नागरिकका लागि भोजनलगायतका आवश्यक व्यवस्था भइरहेको जनाइएको छ।

# जनकपुरधामका उद्योगी व्यवसायीहरुद्वारा राहत सहयोग

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा सञ्चालन गरिएको राहत संकलन अभियानमा स्थानीय व्यवसायी, महिला उद्यमी तथा विभिन्न संघसंस्थाले रसुवा बाढीबाट प्रभावित परिवारका लागि उल्लेख्य सहयोग गरेका छन्।




जनकपुरधाम उद्योग वाणिज्य संघको अगुवाइमा सञ्चालन गरिएको अभियानमार्फत बाढीपीडितका लागि कपडा, खाद्यान्न, जुत्ता, मच्छरजाली, बालबालिकाका सामग्रीलगायतका राहत सामग्री संकलन गरिएको हो।

अभियानमा रञ्जित प्लाइका सञ्चालक मोहन साह र विकास साहले १०० पिस ट्र्याकसुट उपलब्ध गराएका छन्। त्यस्तै, गोबरौरा-७ का पशुराम साहले बालबालिकाका फ्रक तथा लेडिज शल गरी ३० पिस सहयोग गरेका छन्।

पवन रेडिमेडका सञ्चालक पवन गुप्ताले विभिन्न प्रकारका १०० पिस कपडा तथा सामग्री प्रदान गरेका छन् । महिला उद्यमीहरूको तर्फबाट रिंकु साह र सुनीता ठाकुरले मच्छरजाली, बालबालिकाका कपडा, फ्रुटी, बिस्कुट, सर्फलगायतका सामग्री सहयोग गरेका छन्।

त्यसैगरी, डिनोभो फेसन वेयरका प्रोपराइटर मोहम्मद नैम शाफिले बालबालिकाका १२८ पिस सर्ट र ३ पिस ट्र्याकसुट उपलब्ध गराएका छन् । सिया कलेक्सनका प्रोपराइटर पप्पू साहले टी-सर्ट, बालबालिकाका कपडा, लेडिज जिन्स, ज्याकेट, कुर्तालगायत विभिन्न सामग्री दिएका छन्। सलीम सु सेन्टरका प्रोपराइटर पप्पू आलमले १०० पिस जुत्ता, शोभा रेडिमेडका हरि नारायण गुप्ताले जिन्स पेन्ट, भेस्ट तथा ज्याकेट गरी १०० पिस सामग्री सहयोग गरेका छन्।

रेहान-कृष्णा, महावीर चोककी मञ्जु साहले खाद्यान्न, बालबालिकाका कपडा, साडी, जिन्स पेन्टलगायत करिब २० हजार रुपैयाँ बराबरको सामग्री उपलब्ध गराएकी छन् । कन्हैया साडी हाउसका प्रोपराइटर नागेन्द्र साहले ९० थान साडी सहयोग गरेका छन्।

गोपाल खिलौना पसलका गोपाल रौनियारले बालबालिकाका फ्रक, लेडिज सूट, पुरुष शर्ट, बालबालिकाका भेस्ट, लेडिज टप तथा जिन्सलगायत विभिन्न सामग्री उपलब्ध गराएका छन्। उमेश एण्ड राकेश वस्त्रालयका सञ्चालक बदामी साहले २० थान साडी र २६ थान महिला सूट प्रदान गरेका छन्।

त्यसैगरी, पुस्तक व्यवसायी संघ जनकपुरधामका अध्यक्ष प्रकाश धमला, निवर्तमान अध्यक्ष सरोज चौधरीलगायत पदाधिकारी तथा पुस्तक व्यवसायीहरूले १०१ थान ट्र्याकसुट सहयोग गरेका छन् । लक्ष्मी जनरल अर्डर सप्लायर्सका प्रोपराइटर बजरंग साहले १६ पिस रेडिमेड सुट, करिब १६ हजार रुपैयाँ बराबरको सामग्री उपलब्ध गराएका छन्।

जनकपुरधाम उद्योग वाणिज्य संघका सचिव नरेन्द्र विक्रम साह (निरज) ले प्राप्त सहयोग राहत सामग्रीमा मात्र सीमित नरहेको बताए।

उनका अनुसार विपद्को समयमा व्यवसायी तथा नागरिक समाजबाट प्राप्त सहयोगले सामाजिक उत्तरदायित्व र मानवीय एकताको भावना उजागर गरेको छ।

सचिव साहले रसुवा बाढीपीडितको पीडामा साथ दिँदै राहत अभियानमा सहयोग गर्ने सम्पूर्ण व्यवसायी, महिला उद्यमी, संघसंस्था तथा व्यक्तिगत सहयोगदाताप्रति धन्यवाद व्यक्त गरेका छन्।

उनले विपद्का बेला पीडित परिवारलाई तत्काल आवश्यक सामग्री उपलब्ध गराउनु सबैको साझा दायित्व भएको उल्लेख गर्दै सहयोगी हातहरूकै कारण राहत अभियानलाई थप प्रभावकारी बनाउन सकिएको बताए।



# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरुले पठाएका कविता/गजलहरु

## ।। मनोबल ।।

झमकको रुप सुन्दरताले भोरेको छ
शरीर अपाङ्ग भए पनि अनुहारमा खुसीको चमक रहेछ छ।
भगवान् लाई कहिले दोष दिएन, यस्तो अवस्था पाए पनि
आफुलाई कमजोर वहाँले कहिले ठानेन, जुन सुकै अवस्था आए पनि।।
शरीर सँग होइन, जिवनसंग लडियो , आज ओहा हिम सिखर जस्तै अगाडि बढ्यो
मान्छेको शरीर जस्तो भए पनि मनोबल बढाउनु पर्छ।।।
आज झमक इतिहासकैई पहिलो पँनामा वहाँको नाम आउँछ
वहाँले एउटा कुरा सिखाई दियो, मान्छेका शरीर जस्ता भएपनि
मनोबल राखेर आगाडि बढ्नु पर्छ।।।



**लेखक : पुजा कुमारी पंडित**
**घर : जनकनन्दिनी गाउँपालिका - ४ खजुरी**

## ।। सद्भावको छहारी ।।

'हिमाल,पहाड,तराई कोही छैन पराई'
भन्ने भाव अहिले प्रस्ट झल्किँदै छ।
हिमाल र पहाडलाई चोट लाग्दा आज,
यो तराईको मन विक्षिप्त भएको छ ।।
जसरी हिमालले जडीबुटी अनि पहाडले
फलफूल दिई ,तराईलाई सहयोग गरेका छन् ।
त्यसरी नै आज दाजुभाइको पीडामा सहारा बनी
तराईले भाइचारालाई जीवित राखेका छन् ।।
आज गाँस, बाँस र कपासको अभाव हुँदा,
सहयोग गर्ने थुप्रै छन् यहाँ दयालु मनहरू ।
कम छैनन् कसैको तुलनामा हाम्रा यहाँ,
तराईको चर्को घामपानीमा खट्ने ती हातहरू ।।
बढ्दै छन् निरन्तर तराईका हातहरू
हरेक घरघरमा सहयोग उठाउन ।
लम्कदै छन् हरेक बस्तीका दाजुभाइ
आफ्नै दाजुभाइको दुःख पन्छाउन।।



**लेखक :पर्वत राज रखाल (पर्खाल धनुषा)**
**ठेगाना : ग. चा.न.पा -१ (धनुषा)**

## ।। कहियो अपन कहियो आन कहै छै ।।

कहियो अपन कहियो
आन कहै छै
कहियो धर्ति कहियो
आशमान कहै छै
बुझ नै सकै छी
ओकर चाइल बेहवार
कहियो कुलछनि कहियो
डाइन कहै छै
बाल बच्चा लेल कि कि
नै कर परै छै
कहियो घर कुटनी
कहियो नेताइन कहै छै
आब सब सँ चित मन
टुइट गेल भाई रौ
कहियो जानु सोना आब
गिरथाईन कहै छै
ओकरे चक्रमे घर परिवार
बिगर जाई छै
कहियो हित मित आब
मैलकाइन कहै छै



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार, दोहा कतार**

## 'एक्लोपन'

पिडा त मेरो मनमा छ ।
अनि अनुहारमा कहाँ देखिन्छ त साथी !?
जिन्दगीमा आफूलाई मात्र धेरै दुखी अनि एक्लो नसम्झिनुहोस् ।
एकपटक यो दुनियाँका सबै मान्छेलाई हेर्नुहोला आफू भन्दा अझै दुखी अनि एक्ला भेट्नु हुनेछ !!
हामी एक अकलाई यहीँ सोच्दा सोच्दै गुमाई सकेका हुन्छौ कि ऊ बोल्दैन अनि मैले किन बोलाउनु !!



**नाम: दिलिप कुमार साह**
**हाल: बुटवल**
**ठेगाना: सर्लाही**

## ।। श्री कृष्णा ।।

कृष्ण जन्माष्टमीको यो अवसर,
अन्धकारमा बज्यो मुरलीको मधुर स्वर।
जन्मियौ तिमी कंसको अँध्यारो कारागारमा,
अनि छायो ज्योति सम्पूर्ण संसारमा।
तिमी आयौ जब यस धरतीमा,
न्यायको किरण छायो हरेक ठाउँमा।
दुष्टहरूको नाश ,सज्जनको रक्षा गर्नलाई
आयौ हे कृष्ण !! आयौ भक्तको सङ्कट हरण गर्नलाई।
गोकुलका गाई चराउँदै,
गोपीहरूको मन हराउँदै।
राधाको प्रेममा रमाउँदै,
हरेकलाई दिन्छौ सुखको साँझ।
तिनै लोकमा तिम्रो छ लीला,
गंगाको पानीझैं निर्मल नीला।
जसले तिमीलाई स्मरण गर्छ,
उसको सबै दुःख हराउँछ।
आजको यो दिनमा गाउँछौं गुणगान,
तिम्रो बाँसुरीको धुनमा , हुन्छ सम्पूर्ण प्राणी मस्त मगन।
श्री कृष्ण, तिमी नै हौ यस धरतीका आधार,
तिमी बिना यो जीवन हो अधूरो, व्यर्थ अनि खोक्रो संसार।
तिमी नै हौ हाम्रो भरोसा र साथी,
ल्यायौं अन्धकारमा उज्यालोको ज्योति,
जन्माष्टमीको यो पावन बेला,
तिम्रो कृपाले भरियोस् हरेकको खुशियाली को झोला।



**लेखक : सोनु यादव**
**ठेगाना: सँग्रामपुर ,महोत्तरी**

## ।। रसुवा बाढी ।।

हिमालको काखबाट आयो एक हुरी,
रसुवाको मुटुभित्र छायो पीडाको दूरी।
त्रिशूलीको छालसँगै बग्यो सपना अनेक,
घर, गोठ, बाटो, पुल भए क्षणमै अशेष।
आमाको आँखा आँसुले भरियो,
बुबाको साहस पनि केहीबेर हरायो।
बालकले खोजिरहे आफ्ना प्रिय साथी,
प्रकृतिको प्रहारले बनायो जीवन माथि घाती।
पहाड रोयो, नदी करायो,
मानिसको दुःखले आकाश समेत रुवायो।
तर अँध्यारोबीच आशाको दीप बलिरह्यो,
एकताको शक्तिले हरेक मन जोडिरह्यो।
हामी फेरि उठ्नेछौँ, हिम्मत नहारौँ,
घाउ गहिरा भए पनि सपना नमारौँ।
रसुवाको पीडा इतिहासमा लेखिनेछ,
तर नेपालीको साहस सधैं अमर रहनेछ।



**नाम:- बिंकास कुमार झा**
**ल.गा.पा.-७**

## 'आत्मबोध'

कठोर छु भन्छु जीवन मेरो
कसरी कहलायो कठोर तर यो
पैतलाका फोकाहरूको बोली फुटे
मेरो कारण शायद कठोर भयो जीवन तेरो।
अचानक मेरा खुट्टाहरू झन्झक रिसिए
आफ्ना दुःखहरू मसँग बिसाए
दोष लगाउँछस् तँ पैतालालाई किन?
तेरो कठोरताको मलाई त्याग छ ऋण।।
भदौरे भेललाई मैले दोष लगाए
कारणले तेरो धान मेरा बगाए
तेरे देनले जीवनले मेरो कोल्टे फेरो
त्यसैकारण शायद कठोर भयो जीवन मेरो।
सोच्छु कठोरताको परिभाषा के हो?
दोष लगाए अरुलाई, मेरो आशा के हो?
मेरा आँसु बग्दाबग्दै खोलासँगै गए
आफ्ना व्यथा पोख्न खोज्दा मान्छे म भएँ।



**सज्जन अधिकारी**
**बर्दिबास, महोत्तरी**

## ।। मुक्तक ।।

**समसामयिक**

बाढिको पानी घटेको झै पीडा काहा झर्ला र!
बगेको घर फर्केला तर सपना काहा भर्ला र !
राज्यले सान्तवना दिएनि गुमाको छु शाहारा..
बुढेशकालको शाहाराको माया कसरी मर्ला..



**सुमन दाहाल**
**ग . चा . न . पा -५ धनुषा**

# 'टक्सिक' नचल्दा 'पार्वती'लाई फाइदा, बढ्यो शो


काठमाण्डु । दक्षिण भारतीय फिल्म 'टक्सिक'ले भदौ १० गतेलाई प्रदर्शन मिति घोषणा गरेपछि जनै पूर्णिमा (१२ भदौ)का नेपाली फिल्महरूको भागाभाग भएको थियो । तर, उक्त मितिबाट फिल्म 'पार्वती' भने टसमस भएन । धेरैले 'टक्सिक'सँग भिड्न खोज्नु निर्माताको मूर्खतापूर्ण निर्णय समेत भनेका थिए । तर, अहिले बक्स अफिसमा 'टक्सिक'माथि 'पार्वती' भारी पर्न थालेको छ ।

दर्शक र समीक्षकबाट राम्रो प्रतिक्रिया नआउँदा 'टक्सिक'को व्यापार भारतसँगै नेपालमा लगातार घटिरहेको छ । 'पार्वती'को व्यापारमा भने सकारात्मक 'वर्ड अफ माउथ'को प्रभाव देखिन लागेको छ । रसुवा बाढीका कारण केही दिन फिल्मको व्यापार प्रभावित भएको भए पनि मंगलबारदेखि देशभर फिल्मको व्यापार उत्साहजनक रहेको वितरक करण श्रेष्ठले जानकारी दिए ।

वितरक श्रेष्ठका अनुसार हलमा दर्शकको चाप बढेसँगै फिल्मका शो समेत थपिएका छन् । बिहीबार (आज) फिल्मको देशव्यापी शो ११० भन्दा बढी रहेको उनले बताए । फिल्मलाई दर्शकबाट राम्रो प्रतिक्रिया मिलेका कारण आगामी दिनमा शो र व्यापार अझ बढ्ने उनको विश्वास छ । बिहीबारसम्मको व्यापारले फिल्म सफल हुने निश्चित देखिएको उनको भनाइ छ ।

फिल्मकी अभिनेत्री तथा निर्देशक नीता ढुंगाना, कलाकार अशोक दर्जी र निर्माता हरिहर अधिकारीसहितको टिम भने यतिबेला पश्चिम नेपालको यात्रामा छ । दाङ र नेपालगन्जपछि उनीहरूले धनगडी, कैलाली, कञ्चनपुरलगायतका विभिन्न हलमा पुगेर दर्शकसँग भेट गरिरहेका छन् । प्रायः हलमा नीता फिल्मकै गेटअपमा पुग्ने गरेकी छन्, जसले दर्शकमा छुट्टै उत्साह थप्ने गरेको छ ।





दिदीभाइको सम्बन्धको कथामा आधारित यस फिल्ममा नीता र अशोकसहित दीपाश्री निरौला, राज पंगेनी शर्मा, सिरु विष्ट, राधिका कँडेल, आशा पौडेललगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्मको कथा नीता स्वयंको हो भने पटकथा तथा संवाद शिवम् अधिकारीले तयार पारेका हुन् । फिल्ममा सुदीप बरालको छायांकन रहेको छ । फिल्मीखबर

# 'हनुमान अंश' बन्यो २०२६ को सर्वाधिक नाफा कमाउने फिल्म

काठमाण्डु । भारतका प्रसिद्ध हिन्दू सन्त नीम करोली बाबाको जीवनबाट प्रेरित फिल्म 'हनुमान अंश' यतिबेला चर्चामा छ। त्यसको कारण हो, फिल्मको अप्रत्यासित कमाइ। ७ अगस्टमा प्रदर्शन भएको फिल्मले प्रदर्शनको दुई सातासम्म कमजोर कमाइ गरेको थियो । तर, प्रदर्शनको १७औं दिनबाट फिल्मको कमाइमा आएको उछाल चौथो सातासम्म पनि रोकिएको छैन ।





३५५ शोसहित प्रदर्शनमा आएको फिल्मले भारु १० लाखको ओपनिङ गरेको थियो । प्रदर्शनको दुई हप्तासम्म फिल्मको कमाइ जम्मा ४० लाख मात्र थियो । यसैले भारतीय मिडियाहरूले फिल्मलाई 'फ्लप' भन्न थालेका थिए । तर, तेस्रो साताको आइतबारबाट फिल्मको कमाइमा एकाएक वृद्धि भयो । फिल्मले त्यस दिन भारु २ करोड २० लाख ग्रस कमाएको थियो ।

प्रदर्शनको दुई सातासम्म ५० लाख पनि कमाउन नसकेको फिल्मले तेस्रो सातामा भने १० करोड कमाइ गऱ्यो । त्यसयता फिल्मको कमाइ निरन्तर बढ्दो छ। फिल्मले मंगलबार (हिजो)सम्म भारतमा ५४ करोडभन्दा बढीको व्यापार गरिसकेको छ । चौथो सातामा मात्र फिल्मले ४२ करोड २५ लाख कमाएको ट्रेड पोर्टल स्याकनिल्कले जनाएको छ ।

चार हप्तामा ५४ करोड कमाउँदै 'हनुमान अंश' सन् २०२६ मा सबैभन्दा धेरै मुनाफा कमाउने हिन्दी फिल्म बनेको छ । यो फिल्म जम्मा १ करोड ८० लाख भारुमा निर्माण भएको हो । यसको आधारमा फिल्मले २९ सय प्रतिशतभन्दा बढी मुनाफा कमाइसकेको छ । फिल्मको व्यापारिक रफ्तार अझै आक्रामक रहेकाले भारतमा १ सय करोड भारुको आँकडा पार हुने अनुमान गरिएको छ ।

'डिभाइन डिटोर : द्याट चेन्ज्ड माई लाइफ' पुस्तकमा आधारित 'हनुमान अंश'को लेखन तथा निर्देशन विशाल चतुर्वेदीले गरेका हुन् । फिल्ममा शोभिनव सतैया, चन्दन आनन्द, पूर्णिमा तिवारी, अनिल रस्तोगी, निखिल दुबेलगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्ममा आमाको निधनपछि दुःखी बनेको एक बालक ईश्वरको शरणमा पुगेको कथा प्रस्तुत गरिएको छ । फिल्मीखबर

# 'अक्षरा'को ट्रेलरमा न्यान्सीको अबला र रौद्र रूप



काठमाण्डु । तीजको छेको पारेर भदौ २६ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'अक्षरा'को ट्रेलर सार्वजनिक गरिएको छ । कृष्ण जन्माष्टमीको अवसर पारेर शुक्रबार सार्वजनिक ३ मिनेट २५ सेकेण्ड लामो ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी दिएको छ। अभिनेत्री न्यान्सी खड्कालाई केन्द्रमा राखिएको ट्रेलरमा घरेलु हिंसा भोगिरहेकी एक महिलाको कथा समेटिएको छ ।

परिवारको दबाबमा सहरका धनाढ्य युवकसँग विवाह भएपछि न्यान्सीको पात्रले श्रीमानबाट भोग्नुपरेको शारीरिक तथा मानसिक यातना र त्यसबाट असह्य भएपछि उनले माता दुर्गाजस्तै उग्र बनेर बदला लिएको ट्रेलरमा देख्न सकिन्छ। न्यान्सीको पात्र हेर्दा कमजोर देखिए पनि उनले कुनै विशेष तालिम लिएको देखिन्छ । ट्रेलरले फिल्मको कथा उनकै वरिपरि घुमेको स्पष्ट संकेत गर्छ ।

विनयराज पौडेलको डेब्यू निर्देशनमा बनेको यस फिल्ममा न्यान्सीसहित रिस्ता बस्नेत, सुशील सिटौला, सुशील पोखरेल, उत्तम केसी, अंशु महर्जन, पुष्कर राउत, गीता अधिकारी, वीरेन्द्र कुशवाह, सृजना अधिकारी, मोहन अधिकारी, सुमन ज्योति न्यौपाने, सृष्टि खड्का, प्रीसा ढुङ्गाना, त्रिलोचन न्यौपानेलगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ ।

सोनी थापा (ढुङ्गाना) प्रस्तुतकर्ता रहेको फिल्ममा उग्रसेन ढुङ्गाना र सुग्रसेन ढुङ्गाना निर्माताको रूपमा छन् । कार्यकारी निर्मातामा सुरज थापाकाजी र सुमन ज्योति न्यौपाने रहेका छन्। फिल्ममा उग्रसेन ढुङ्गानाको कथा, अभिमन्यु निरवी र विनयराज पौडेलको पटकथा तथा संवाद, कर्णराज गिरीको संगीत, दिपेन बस्न्यातको छायांकन तथा गौतमराज खड्काको सम्पादन रहेको छ। फिल्मीखबर

## ११ कक्षापछि पढाइ छाडेकोमा करिना कपूरलाई अझै पछुतो



**एजेन्सी**

हिन्दी सिनेमाकी चर्चित अभिनेत्री करिना कपूर खानले आफूले ११ कक्षापछि पढाइ छाडेकोमा अझै पश्चात्ताप भइरहेको बताएकी छिन् । उनले हालैको एक अन्तर्वार्तामा आफ्नो विगत र पारिवारिक जीवनबारे खुलेर कुरा गरिन् ।

'मसँग अवसर हुँदाहुँदै पनि म फिल्ममा आएँ र ११ कक्षापछि पढिनँ । यो कुराले मलाई सधैँ पोलिरहन्छ' उनले भनेकी छिन् ।

आफ्नो यो गल्तीबाट पाठ सिक्दै उनले छोराहरू तैमुर र जेहलाई पहिले पढाइ पूरा गर्न र त्यसपछि मात्र आफ्नो इच्छा अनुसारको करियर रोज्न आग्रह गरेकी छिन् ।

अन्तर्वार्ताकै क्रममा उनले आफ्ना जेठा छोरा तैमुर विश्वस्तरको क्रिकेट वा फुटबल खेलाडी बन्न इच्छुक रहेको खुलासा गरेकी छिन् । फिल्म क्षेत्रका प्रतिष्ठित परिवार (कपूर र खान) बाट आएका भए पनि छोराहरूलाई अभिनय क्षेत्रमै आउनुपर्छ भन्ने कुनै दबाब नरहेको उनले प्रस्ट पारिन् ।

'हामी कलाकार हौं भन्दैमा उनीहरूले पनि कलाकार नै बन्नुपर्छ भन्ने छैन । हामीले उनीहरूलाई सही दिशामा प्रोत्साहन गर्ने हो, पछि विचार बदलियो भने पनि त्यो ठीकै छ' करिनाले भनिन् ।

# प्रधानमन्त्री साह र अष्ट्रेलियाका समकक्षीबीच टेलिफोन वार्ता



काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साह र अष्ट्रेलियाका समकक्षी एन्थोनी अल्बानिजबीच शुक्रबार टेलिफोन वार्ता भएको छ ।

शुक्रबार बिहान भएको उक्त टेलिफोन वार्तामा प्रधानमन्त्री साहले नेपाल कठिन परिस्थितिबाट गुज्रिरहेका बेला अष्ट्रेलियाली समकक्षीसँग संवाद हुनु महत्वपूर्ण भएको बताउनुभएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिनुभयो ।

प्रधानमन्त्री शाहले यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा भीषण बाढी आउँदा जनधन र भौतिक पूर्वाधारमा पुगेको क्षतिप्रति अष्ट्रेलिया सरकार तथा त्यहाँका नागरिकहरुले देखाउनुभएको ऐक्यबद्धताप्रति कृतज्ञता व्यक्त गर्नुभयो । साथै, उहाँले नेपालको यो विपद्मा उद्धार तथा राहत कार्यमा अष्ट्रेलियाले गरेको सहयोगको प्रशंसा गर्नुभयो । खासगरी अष्ट्रेलियाले विशेषज्ञसहित ड्रोन अपरेटरको टोली र अत्यावश्यक राहत सामग्री पठाएकामा तथा आर्थिक सहयोग गरेकामा आभार व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री शाहले नेपालमा बाढीका कारण बेपत्ता हुनुभएका अष्ट्रेलियाली नागरिकहरुको पनि खोजीकार्य तीव्र पारिरहेको बताउनुभयो । उहाँले नेपाल र अष्ट्रेलियाबीच लामो समयदेखिको घनिष्ठ सम्बन्ध रहेको उल्लेख गर्दै विपद्को यो क्षणमा खोज, उद्धार, राहत तथा पुनःस्थापनामा अष्ट्रेलियासँग निरन्तर समन्वय र सहकार्य गरिरहने बताउनुभयो ।

संवादका क्रममा अष्ट्रेलियाका प्रधानमन्त्री अल्बानिजले विपद्का कारण नेपालले भोगिरहेको कठिनाइबारे चासो र चिन्ता व्यक्त गर्नुभएको थियो । रासस

# राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जनका लागि सातै प्रदेशमा सरोकारवालासँग छलफल

काठमाण्डु । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक, जीवनोपयोगी तथा प्रभावकारी बनाउन सातै प्रदेशमा सरोकारवालासँग प्रत्यक्ष छलफल गरी सुझाव तथा पृष्ठपोषण सङ्कलन गरिने भएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ परिमार्जनका लागि पाठ्यक्रम विकास केन्द्रको सहजीकरणमा राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलले भदौ २४ देखि ३० गतेसम्म सातै प्रदेशका २८ जिल्लामा पुगेर शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, अभिभावक, विज्ञ, नीतिनिर्माता तथा अन्य सरोकारवालासँग अन्तर्क्रिया गर्ने भएको हो ।

सातवटा टोली प्रदेशगत रूपमा परिचालन हुनेछ । पहिलो चरणमा २८ जिल्लामा सरोकारवालासँग अन्तर्क्रिया गरिनेछ । दोस्रो चरणमा ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइबाट सुझाव लिइनेछ । केन्द्रको वेबसाइटमार्फत सुझाव लिइनेछ ।

प्रदेशस्तरीय छलफललाई व्यवस्थित र प्रभावकारी बनाउन शुक्रबार भक्तपुरको सानोठिमीस्थित पाठ्यक्रम विकास केन्द्रमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (एनप्याब्सन), उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान), एसोसिएसन अफ प्रिस्कुल एजुकेसन नेपाल (एपिन), अभिभावक सङ्घ, शिक्षक तथा अन्य सरोकारवालाका प्रतिनिधिको सहभागिता थियो ।

राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्को ९८औँ बैठकको निर्णयअनुसार



गत वैशाखमा प्रा डा बालचन्द्र लुइँटेलको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो । कार्यदलले पाठ्यक्रम प्रारूप परिमार्जनका लागि विभिन्न चरणमा सरोकारवालासँग छलफल गर्दै आएको छ । कार्यदलअन्तर्गत रहेका १२ वटा विषयगत समूहले प्रदेश तथा जिल्लास्तरमा पुगेर सुझाव सङ्कलन गर्नेछन् ।

कार्यक्रममा शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले बौद्धिक पूर्वाग्रहबाट टाढा रहेर फिल्डको वास्तविक अवस्था बुझी पाठ्यक्रमलाई समृद्ध बनाउनुपर्ने बताउनुभयो । उहाँले आगामी पुस्ताको भविष्यलाई केन्द्रमा राखेर पाठ्यक्रम परिमार्जन गर्न देशभरबाट सुझाव सङ्कलन गर्न लागिएको जानकारी दिनुभयो ।

विद्यार्थीको सिकाइ उपलब्धि र शैक्षिक नतिजामा सकारात्मक प्रभाव पार्नेगरी पाठ्यक्रम निर्माण गर्नुपर्ने उल्लेख गर्दै उहाँले विश्वविद्यालयलगायत सम्बन्धित शैक्षिक संस्थाले समेत नयाँ पाठ्यक्रमको स्वामित्व लिनुपर्ने धारणा राख्नुभयो ।

कार्यदलका संयोजक प्रा डा बालचन्द्र लुइँटेलले विद्यालय शिक्षा सुधारका लागि पाठ्यक्रममा समेट्नुपर्ने विषय पहिचान गर्न विद्यालय समुदायका सबल तथा कमजोर पक्ष बुझ्न आवश्यक रहेको बताउनुभयो । विद्यार्थीको चाहना र आवश्यकताअनुसार शिक्षालाई परिमार्जन गर्न देशभरबाट सुझाव लिन लागिएको उहाँको भनाइ थियो । "समुदायसँग साझेदारी नगरी कुनै पनि कार्य सफल हुँदैन", उहाँले भन्नुभयो, "त्यसैले पाठ्यक्रम निर्माणका क्रममा सकेसम्म सबै पक्षलाई समेट्नुपर्छ ।"

पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक महेन्द्र पराजुलीले सबै सरोकारवालाको परामर्श र समन्वयका आधारमा पाठ्यक्रम प्रारूपलाई छिट्टै निष्कर्षमा पुर्‍याइने बताउनुभयो । अबको शिक्षा कस्तो हुनुपर्छ र बालबालिकाले कस्तो शिक्षा चाहन्छन् भन्ने विषयलाई समेत नयाँ पाठ्यक्रममा समेट्नुपर्ने उहाँले बताउनुभयो ।

कार्यदलका सदस्य प्रमोद भट्टका अनुसार विभिन्न २८ जिल्लाका सरोकारवालासँग छलफल गरी शिक्षक शिक्षा, प्रारम्भिक बालविकास, प्राकृतिक विपद् व्यवस्थापन, रैथाने तथा स्थानीय ज्ञानलगायत विषयमा सुझाव लिइनेछ ।

छलफलका क्रममा विद्यालय शिक्षाको प्रमुख लक्ष्य, विद्यालय तहमा व्यवहारमा उतार्न सकिने शिक्षा, प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको वर्तमान संरचना, विद्यार्थीको उमेर तथा विकासात्मक आवश्यकता र सिकाइको निरन्तरताका विषयमा सुझाव सङ्कलन गरिनेछ ।


त्यसैगरी, पाठ्यभार, शिक्षकको दृष्टिकोण, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम, रैथाने तथा स्थानीय ज्ञानको समावेश, डिजिटल प्रविधि तथा कृत्रिम बुद्धिमत्ता (एआई), विद्यार्थीमा उचित व्यवहारको विकास, मानवमूल्य, नैतिक शिक्षा तथा नागरिक शिक्षालगायतका विषयमा पनि सरोकारवालासँग राय मागिनेछ ।

कार्यक्रमअन्तर्गत कोशी प्रदेशका मोरङ, धनकुटा र सङ्खुवासभा तथा मधेस प्रदेशका आठवटै जिल्लामा छलफल हुनेछ । बागमती प्रदेशका मकवानपुर, दोलखा र काठमाडौँ, गण्डकी प्रदेशका कास्की, तनहुँ र गोरखा तथा लुम्बिनी प्रदेशका रूपन्देही, दाङ, बाँके र प्युठानमा पनि सुझाव सङ्कलन गरिनेछ ।

त्यसैगरी, कर्णाली प्रदेशका सुर्खेत, दैलेख र मुगु तथा सुदूरपश्चिम प्रदेशका कैलाली, डडेलधुरा, बैतडी र डोटीमा सरोकारवालासँग अन्तर्क्रिया गरिनेछ । प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रालय, स्थानीय तह, संस्थागत विद्यालय तथा शिक्षा विकास तथा समन्वय एकाइलगायतका प्रतिनिधित्व रहने गरी सातवटा समूह परिचालन गरिएको छ ।

भावी पुस्ता तयार गर्ने आधारका रूपमा रहेको विद्यालय शिक्षाको पाठ्यक्रम प्रारूप परिमार्जनमा सरोकारवालाको ज्ञान, सीप र अनुभवमा आधारित सुझाव तथा पृष्ठपोषण महत्त्वपूर्ण हुने कार्यदलले जनाएको छ । रासस

# चीनले नेपालसँग जलविज्ञान अनुगमनसम्बन्धी सूचना निरन्तर आदानप्रदान गर्ने



काठमाण्डु । चीनले नेपालसँग आपत्कालीन जलविज्ञान अनुगमनसम्बन्धी सूचना निरन्तर आदानप्रदान गर्ने जनाएको छ ।

उद्धार तथा विपद् राहत प्रयासका लागि सो सहयोग गर्ने यहाँस्थित चिनियाँ दूतावासले जनाएको छ । त्यसमा नदीमा बनेका अवरोध तथा हिमतालबाट उत्पन्न जोखिमसम्बन्धी सूचनासमेत समेटिनेछन् ।

चीनको मौसमसम्बन्धी निकायले चीन र नेपालबीचको केरुङ-रसुवा सीमानाकामा भीषण पहिरो गएदेखि नै नेपाललाई मौसम अनुगमन, मौसम पूर्वानुमान, पूर्वचेतावनी तथा प्रभावसम्बन्धी सेवाहरू उपलब्ध गराउँदै आएको जनाएको छ ।

विपद्लगत्तै चिनियाँ प्रशासनले नेपालको मौसम विभागसँग भिडियोमार्फत मौसमसम्बन्धी परामर्श गरेको र नेपालको उद्धार तथा राहत कार्यका लागि मौसमसम्बन्धी सहयोग सक्रिय रूपमा उपलब्ध गराउँदै आएको समेत जनाएको छ ।

# सञ्चारमन्त्रीद्वारा शिक्षण अस्पतालमा उपचाररत बाढीपीडितको स्वास्थ्य अवस्थाबारे जानकारी

काठमाण्डु । नुवाकोट क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित सांसद एवं सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले भोटेकोशी बाढीमा परी उद्धार गरिएकामध्ये त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जमा उपचाररत व्यक्तिहरूको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिनुभएको छ ।

सञ्चारमन्त्री तिमिल्सिना आज दिउँसो शिक्षण अस्पताल पुगेर बाढीबाट उद्धार गरिएका घाइते तथा प्रभावित व्यक्तिहरूको स्वास्थ्य अवस्था, उपचारका लागि गरिएको प्रबन्ध तथा अस्पतालको समग्र व्यवस्थापनबारे अस्पतालका अधिकारीहरूसँग जानकारी लिनुभएको हो । उहाँले उपचाररत व्यक्तिहरूसँग प्रत्यक्ष भेट गरी उहाँहरूको स्वास्थ्य अवस्था, उपचारका क्रममा कुनै समस्या भए/नभएकोलगायत अस्पतालबाट प्राप्त भइरहेको स्वास्थ्य सेवाबारे समेत जानकारी लिनुभएको थियो ।

अस्पतालका अनुसार भोटेकोशी बाढीबाट उद्धार गरी उपचारका लागि यहाँ ल्याइएका ७८ जनामध्ये २९ जना उपचाररत छन् । उपचारपछि स्वास्थ्य



अवस्थामा सुधार आएका अन्य व्यक्तिहरूलाई अस्पतालले डिस्चार्ज गरिसकेको जनाएको छ ।

अस्पतालका अधिकारीहरूले बाढीपीडितको उपचारमा हालसम्म कुनै समस्या नरहेको र उपचाररत व्यक्तिले अस्पतालबाट सहज रूपमा स्वास्थ्य सेवा पाइरहेका जानकारी मन्त्री तिमिल्सिनालाई गराउनुभयो ।

सञ्चारमन्त्री तिमिल्सिनाले विपद्को समयमा घाइते तथा प्रभावित नागरिकको उपचार र आवश्यक स्वास्थ्य सेवामा कुनै कमी हुन नदिन सम्बन्धित निकायबीच प्रभावकारी समन्वय र व्यवस्थापन गर्न आग्रह गर्नुभयो । उपचारका क्रममा कुनै समस्या देखिएमा वा थप स्वास्थ्य सेवा, उपचार सामग्री तथा अन्य व्यवस्थापन आवश्यक परेमा सरकारले राज्यस्तरबाट आवश्यक सहयोग उपलब्ध गराउने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भोटेकोशी क्षेत्रमा आएको बाढीबाट ठूलो जनधनको क्षति भएपछि बाढीमा परी घाइते भएका र उद्धार गरिएका तथा प्रभावित व्यक्तिलाई काठमाडौँ ल्याइ विभिन्न स्वास्थ्य संस्थामा उपचार गराइएको छ । उद्धार गरिएका व्यक्तिहरूको स्वास्थ्य अवस्था, उपचारको निरन्तरता तथा आवश्यक व्यवस्थापनलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ । रासस

# पर्वले राष्ट्रिय एकता र सद्भावलाई सुदृढ बनाउँदै आएका छन्: सभापति थापा

काठमाण्डु । नेपाली काङ्ग्रेसका सभापति गगनकुमार थापाले हाम्रा मौलिक संस्कृति, परम्परा तथा चाडपर्वले पुस्तौँदेखि नेपाली समाजलाई भावनात्मक रूपमा जोड्दै राष्ट्रिय एकता र सामाजिक सद्भावलाई सुदृढ बनाउँदै आएको उल्लेख गर्नुभएको छ ।

भएको पावन दिनको स्मरणमा मनाइने श्रीकृष्ण जन्माष्टमी सत्य, न्याय, कर्तव्य, प्रेम, करूणा र मानव कल्याणका आदर्शलाई आत्मसात् गर्ने प्रेरणादायी पर्वका रूपमा रहेको सभापति थापाले चित्रण गर्नुभएको छ ।

त्यस्तै, सुदूरपश्चिमको समृद्ध



श्रीकृष्ण जन्माष्टमी र गौरा पर्वका अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले नेपाल विविध जातजाति, भाषा, धर्म, संस्कृति, परम्परा र जीवन पद्धतिको अनुपम सङ्गम भएको सुन्दर राष्ट्र भएको बताउनुभएको छ ।

यहाँ विभिन्न जातजातिका आआफ्नै विशिष्ट परम्परा, रहनसहन, रीतिरिवाज र चाडपर्व रहेको उल्लेख गर्नुभएको छ । भगवान् श्रीकृष्णको जन्म

मौलिक संस्कृति, आस्था र परम्परासँग अभिन्न रूपमा जोडिएको गौरा पर्व हाम्रो सांस्कृतिक गौरव, सामाजिक एकता र पारिवारिक आत्मीयताको जीवन्त प्रतीक भएको उहाँको भनाइ छ ।

उहाँले दुवै पर्वका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका समस्त नेपालीमा सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभएको छ । रासस

# एमाले अध्यक्ष ओली बाढी प्रभावित क्षेत्रमा

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको टोली राहत सामग्रीसहित बाढी प्रभावित क्षेत्र नुवाकोटको विदुर पुगेको छ ।

अध्यक्ष ओली नेतृत्वको टोलीले बाढीबाट प्रभावित क्षेत्रको स्थलगत अवलोकन गर्नुका साथै पीडितको अवस्था, उद्धार तथा राहत वितरणका विषयमा जानकारी लिनुहुने पार्टीका सचिव एवं बागमती प्रदेशका इन्चार्ज महेश बस्नेतले बताउनुभयो ।

एमालेले प्रदेश इन्चार्ज बस्नेतको नेतृत्वमा ४० सदस्यीय बाढीपीडित उद्धार, राहत तथा पुनर्स्थापना सहयोग



समिति गठन गरेको छ ।

अकल्पनीय एवं विनासकारी बाढीबाट प्रभावित क्षेत्रका नागरिकको उद्धार, राहत तथा दीर्घकालीन पुनर्स्थापना कार्यलाई तीव्रता दिन पार्टीका तर्फबाट एमालेले रु एक करोड २० लाख सरकारको कोषमा सहयोग गर्ने घोषणा गरेको छ ।

यही भदौ १० गते भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायतका जिल्लामा ठूलो जनधनको क्षति भएको छ । रासस

# भोटेकोशी बाढीपीडितका लागि जग्गा खोज्दै सरकार




**टुडे समाचारदाता**

काठमाण्डु । रसुवा भोटेकोशी क्षेत्रमा आएको बाढीबाट प्रभावित तथा विस्थापित परिवारको सुरक्षित पुनर्स्थापना र अस्थायी बसोबासका लागि उपयुक्त जग्गा पहिचान गर्नका लागि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समिति गठन गरेको छ ।

नापी विभागका महानिर्देशक प्रकाश जोशीको संयोजकत्वमा समिति गठन गरिएको छ ।

समितिमा संघीय मामिला महाशाखाका प्रतिनिधि, पूर्वाधार मन्त्रालयका प्रतिनिधि, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, सम्बन्धित जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी, सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय अधिकारी, जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बलका प्रतिनिधि, भूमि प्रशासन कार्यालय प्रमुख र नापी कार्यालय प्रमुख सदस्य रहेका छन् । उपसचिव दामोदर वाग्ले सदस्य सचिव छन् ।

मन्त्रालयले जनाए अनुसार समितिलाई बाढीका कारण घरजग्गामा क्षति भई विस्थापित भएका, सोही स्थानमा बसोबास गर्न जोखिमपूर्ण भएका तथा जोखिम हुँदाहुँदै पनि प्रभावित क्षेत्रमा बसोबास गरिरहेका परिवारको यथार्थ विवरण पहिचान गर्ने जिम्मेवारी दिइएको छ ।

समितिले बाढीपीडित परिवारको पहिचानदेखि पुनःस्थापनाका लागि आवश्यक जग्गाको छनोट, स्थलगत अध्ययन, प्रारम्भिक विपद् जोखिम मूल्याङ्कन तथा अस्थायी बसोबासका लागि आवश्यक कानुनी प्रक्रियासम्मका विषय समेटेर स्पष्ट सुझाव तथा सिफारिससहितको प्रतिवेदन मन्त्रालयमा पेस गर्नेछ ।

## सुदूरपश्चिमको प्रमुख सांस्कृतिक पर्व गौरा: मुख्यमन्त्री भट्ट

सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले सुदूरपश्चिमको प्रमुख सांस्कृतिक पर्व गौरा तथा श्रीकृष्ण जन्माष्टमीका अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ ।

आज एक शुभकामना सन्देश जारी गर्दै उहाँले गौरा पर्वले सुदूरपश्चिमको मौलिक संस्कृति, परम्परा, आस्था र पहिचानलाई जीवन्त राख्नुका साथै एकता, सद्भाव, आपसी प्रेम, भाइचारा र सामाजिक सहिष्णुतालाई सुदृढ बनाउँदै आएको उल्लेख गर्नुभएको छ ।

मुख्यमन्त्री भट्टले विविधताबीचको एकता र पारस्परिक सम्मानको भावना अभिवृद्धि गर्दै समृद्ध सांस्कृतिक सम्पदाको संरक्षण तथा पुस्तान्तरणमा गौरा पर्वको महत्वपूर्ण योगदान रहेको बताउनुभयो । यस्तै, श्रीकृष्ण जन्माष्टमीले सत्य, धर्म, न्याय, प्रेम र सद्भावको मार्गमा अघि बढ्न प्रेरणा प्रदान गर्दै आएको उल्लेख गर्नुभयो ।

मुख्यमन्त्री भट्टले गौरा तथा श्रीकृष्ण जन्माष्टमीजस्ता पावन पर्वले सुदूरपश्चिमवासीबीच आपसी प्रेम, सद्भाव र एकताको भावना अझ प्रगाढ बनाउँदै सुखी, समुन्नत र समृद्ध सुदूरपश्चिम निर्माणमा प्रेरणा प्रदान गर्ने विश्वाससमेत व्यक्त गर्नुभएको छ । रासस

# पार्टीको निर्देशनपछि सुरुङ उद्धारबाट बाहिरिए रास्वपाका दुई विज्ञ सांसद


**टुडे समाचारदाता**

काठमाण्डु । त्रिशूली ३ 'ए' जलविद्युत आयोजनाको सुरुङमा जारी उद्धारमा सहयोग गरिरहेका रास्वपाका दुई सांसद सागर ढकाल र श्रीराम न्यौपाने काठमाण्डु फर्किएका छन् । उद्धारस्थलमा सांसदहरुको उपस्थितले अवरोध पुगेको गुनासो आएपछि रास्वपाले उनीहरुलाई फर्किन निर्देशन दिएको थियो ।

सांसदद्वय ढकाल र न्यौपाने दुवै इन्जिनयिर हुन् । न्यौपाने सिभिल/जलस्रोत तथा सुरुङ (टनेल) इञ्जिनियर हुन् । उनले पुल्चोक क्याम्पसबाट सिभिल इन्जिनियरिङमा स्नातक र जलस्रोत इञ्जिनियरिङमा स्नातकोत्तर गरेका छन् । उनी नागढुंगा सुरुङमार्ग र मेलम्ची खानेपानी आयोजनाजस्ता सुरुङ निर्माण क्षेत्रमा लामो अनुभव भएका विज्ञ हुन् ।

ढकाल मेकानिकल (जलविद्युत) र वाटर साइन्स इञ्जिनियर हुन् । उनले पुल्चोक क्याम्पसबाट मेकानिकल इञ्जिनियरिङ (जलविद्युत) मा स्नातक गरेका छन् र बेलायतको अक्सफोर्ड विश्वविद्यालयबाट 'वाटर साइन्स, पोलिसी एन्ड म्यानेजमेन्ट' मा स्नातकोत्तर गरेका छन् ।

दुवै सांसदहरु आफ्नो विज्ञताका



हिसाबले टनेल उद्धारमा सहयोग गर्न गएका थिए । उनीहरूले सामाजिक सञ्जालबाट त्यहाँ भइरहेको प्रगतिबारे नियमित अपडेट गराइरहेका थिए । तर, अन्य उद्धारकर्मीहरुलाई उनीहरूको उपस्थितिका कारण काममा बाधा भएको गुनासो ऊर्जामन्त्रीलाई गरेको समाचार मिडियाहरूले प्रकाशित गरेका थिए ।

बिहीबार पार्टीको वैठकले काममा अवरोध हुने गरी उद्धारस्थलमा नबस्न पार्टीका सांसदहरुलाई निर्देशन दिएको थियो । त्यसको भोलिपल्टै उनी फर्किएका हुन् । सांसद न्यौपानेले त्रिशूली थ्री 'ए' को प्रवेशद्वार खुला भएपछि आफूहरु पैदल र गाडीबाट काठमाडौं फर्किएको फेसबुकबाट जानकारी दिएका छन् ।

त्यसअघि उनले शुक्रबार विहान लेखेका थिए, 'हिजो साँझसम्म इञ्जिनियरको भूमिकामा साइटमै रहेर उद्धार तथा खोजी कार्यमा संलग्न थिएँ । अब सांसदको हैसियतमा हेलिकप्टर प्रयोग नगरी पैदल जनसंवाद गर्दै विदुरसम्म पुग्ने र त्यसपछि गाडी मार्फत काठमाण्डु फर्कने तयारीमा छु ।'

सांसद न्यौपानेले सुरुङमा आफू दैनिक १८ घण्टासम्म निरन्तर खटिँदै आएको बताएका छन् । अब सुरुङभित्रको उद्धार तथा कामको जिम्मेवारी पुर्ण रुपमा नेपाली सेना र सशस्त्र प्रहरीले सम्हाल्ने प्रकृतिको भएकोले आफू फर्किने निर्णय गरेको उनको दाबी छ ।

अर्का सांसद ढकालले पार्टीका सिनियर नेताहरू नै मिडियाको लहैलहैमा लागेको भन्दै असन्तुष्टि पोखेका छन् । फिल्डमा सबैसँग सहकार्य भएको तर मिडियामा नकारात्मकता फैलाइएको उनको गुनासो छ ।

ढकालले लेखेका छन्, 'फिल्डमा सबैको सहयोग थियो, तर मिडियामा यति नकारात्मकता फैल्याइयो कि काम गर्न केही हदसम्म डिस्टर्ब चाँही भयो । सिनियर पार्टी लिडर शुद्ध मिडियाकै लहैलहैमा लाग्नु पर्‍यो ।'

सांसद ढकालले शुक्रबार बिहान एउटा स्टाटस लेखेर प्रधानमन्त्री बालेन्द्र शाहप्रति पनि घुमाउरो कटाक्ष गरेका थिए ।

# भारतलाई तेल आपूर्ति जारी राख्छौँ : रुसी राजदूत

एएफपी । भारतको ऊर्जा आवश्यकता पूरा गर्न रुस प्रतिबद्ध रहेको भारतका लागि रुसी राजदूत डेनिस अलिपोभले बताउनुभएको छ । उहाँले रुसी तेल खरिदमा लगाइएका पश्चिमी माध्यमिक प्रतिबन्ध र शुल्कलाई भारतमाथि दबाब सिर्जना गर्ने रणनीति भन्दै आलोचना गर्नुभयो ।

एएनआईसँग कुरा गर्दै उहाँले भारतले आफ्नो राष्ट्रिय हितअनुसार ऊर्जा खरिदसम्बन्धी निर्णय गर्न सक्ने बताउनुभयो । "हामी भारतलाई आवश्यक पर्ने जति तेल आपूर्ति गर्न तयार हुनेछौँ । प्रतिबन्ध र शुल्क लगाउनेहरूले इमानदार सहकार्यको सट्टा दबाबको रणनीति अपनाएका छन्", उहाँले भन्नुभयो ।

माध्यमिक प्रतिबन्धले रुसी तेलसँग कारोबार गर्ने तेस्रो मुलुकका रिफाइनरी, ढुवानी कम्पनी तथा बैंकलाई समेत प्रभावित पार्न सक्ने उहाँको भनाइ थियो । यस्ता उपायले भारतलाई प्रतिस्पर्धी मूल्यमा रुसी तेल खरिद गर्नबाट रोक्न खोजिएको उहाँले आरोप लगाउनुभयो ।

रुसी तेललाई विश्व बजारबाट अलग गर्ने प्रयास सम्भव नभएको दाबी गर्दै अलिपोभले ऊर्जा बजारले रुसी कच्चा तेलको बहिष्कार धान्न नसक्ने बताउनुभयो । उहाँका अनुसार रुसी तेल भारतलगायत अन्य मुलुकका लागि बजारमा उपलब्ध भइरहनेछ ।

राजदूतको भनाइ अमेरिका र युरोपेली सङ्घ (इयु) लगायत पश्चिमी मुलुकले रुसी ऊर्जा कारोबारमा माध्यमिक प्रतिबन्ध विस्तार गरिरहेका बेला आएको हो । भारतले भने राष्ट्रिय हित, बजारको अवस्था र उपभोक्ता मूल्य स्थिरतालाई आधार बनाएर कच्चा तेल खरिद नीति तय गर्दै आएको छ ।



# आसियानसँग सम्बन्ध सुधार्दै म्यान्मा



एएफपी । म्यान्माका राष्ट्रपति मिन आङ ह्लाइङ आसियानसँग सम्बन्ध सुधार तथा विदेशी लगानी आकर्षित गर्ने प्रयासस्वरूप शुक्रबार भियतनाम पुग्नुभएको छ । सन् २०२१ को सैनिक सत्ता कब्जापछि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय रूपमा बढेको कूटनीतिक एकान्तता अन्त्य गर्ने उहाँको प्रयासका रूपमा भ्रमणलाई हेरिएको छ ।

राष्ट्रपति बनेपछि मिन आङ ह्लाइङले भारत, चीन, लाओस, थाइल्यान्ड, कजाकिस्तान, बेलारुस र रुसको भ्रमण गरिसक्नुभएको छ । ती भ्रमणमा उहाँले सम्बन्धित देशका नेतासँग भेटवार्ता गर्नुका साथै व्यापारिक मञ्चमार्फत विदेशी लगानी भित्र्याउने प्रयास गर्नुभएको थियो । आलोचकहरूले भने यस्तो कूटनीतिक सक्रियता सत्तामा सेनाको पकड बलियो बनाउने उद्देश्यले भएको बताउँदै आएका छन् ।

भियतनाम र म्यान्माबीच लामो समयदेखि रक्षा तथा दूरसञ्चार क्षेत्रमा सहकार्य रहँदै आएको छ । तर दुई देशबीचको व्यापार घटेको छ । सन् २०२० मा ८५ करोड ३० लाख अमेरिकी डलर रहेको द्विपक्षीय व्यापार सन् २०२५ मा ५९ करोड डलरमा झरेको थियो । सन् २०२६ को पहिलो छ महिनामा व्यापार ३३ करोड ५० लाख डलर पुगेको छ ।

हनोईमा मिन आङ ह्लाइङले राष्ट्रपति टो लामसहित वरिष्ठ अधिकारीसँग भेटवार्ता गर्नुका साथै व्यापारिक मञ्चमा सहभागी हुने अपेक्षा गरिएको छ । भियतनाम भ्रमण आसियान सदस्य राष्ट्रमा उहाँको तेस्रो भ्रमण हो ।

फेब्रुअरी २०२१ मा सेनाले आङ सान सुकीको निर्वाचित सरकार अपदस्थ गरेपछि म्यान्मा र आसियानबीचको सम्बन्ध बिग्रिएको थियो । आसियानले शान्ति योजना कार्यान्वयनमा प्रगति नभएको भन्दै मिन आङ ह्लाइङलाई उच्चस्तरीय बैठकमा सहभागी हुन रोक लगाउँदै आएको छ । पश्चिमी मुलुकहरूले पनि उहाँ र उहाँका सहयोगीमाथि प्रतिबन्ध लगाएका छन् ।

मिन आङ ह्लाइङको पछिल्लो कूटनीतिक सक्रियता म्यान्मालाई क्षेत्रीय संरचनामा पुनःस्थापित गर्ने र आर्थिक सहकार्य विस्तार गर्ने प्रयासका रूपमा आएको छ । यसैबीच, सन् २०२१ को सैनिक दमनपछि म्यान्मामा राष्ट्रव्यापी सशस्त्र प्रतिरोध र गृहयुद्ध जारी छ ।

# मेलोनीको सत्तामा रेकर्ड



एएफपी । इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनीले युद्धपछिको इतिहासमा सबैभन्दा लामो समय टिक्ने सरकारको नेतृत्व गरेको रेकर्ड बनाउँदै शुक्रबार दक्षिणी सहर बारीमा राजनीतिक र्‍याली आयोजना गर्नुभएको छ । सन् २०२७ को निर्वाचनलाई लक्षित गरिएको र्‍यालीमा उहाँले सरकारका उपलब्धि प्रस्तुत गर्दै समर्थकलाई आगामी चुनावका लागि एकजुट गर्ने अपेक्षा गरिएको छ ।

मेलोनीको सरकारले शुक्रबार एक हजार ४१३ दिन पूरा गर्दै पूर्वप्रधानमन्त्री सिल्भियो बर्लुस्कोनीको रेकर्ड तोड्नेछ । पछिल्लो ८० वर्षमा ६८ वटा सरकार बनेको इटालीमा गठबन्धनभित्रका विवादका बाबजुद मेलोनीले सत्ता टिकाउनुभएको हो ।

मेलोनीको 'ब्रदर्स अफ इटाली' पार्टीले आयोजना गरेको कार्यक्रममा करिब १० हजार समर्थक सहभागी हुने अपेक्षा गरिएको छ । 'सबैभन्दा स्थिर सरकार, सबैभन्दा बलियो इटाली' नारासहितको कार्यक्रममा मेलोनीले सन् २०२२ यता रोजगारीमा १० लाखभन्दा बढी वृद्धि र व्यक्तिगत आयकरमा २१ अर्ब युरो कटौतीलाई प्रमुख उपलब्धिका रूपमा प्रस्तुत गर्नुहुनेछ ।

सरकारले देशको वित्तीय अवस्थामा सुधार आएको दाबी गरे पनि आलोचकहरूले आर्थिक वृद्धि कमजोर रहेको बताएका छन् । ट्रेड युनियन सीजीआईएलका प्रमुख माउरिजियो लान्डिनीले तलब नबढेको, पेट्रोल महँगिएको, रोजगारीको असुरक्षा बढेको र स्वास्थ्य सेवा कमजोर बनेको बताउनुभयो ।

मेलोनीको गठबन्धनले सार्वजनिक सुरक्षा र आप्रवासन नियन्त्रणमा केन्द्रित करिब ३०० कानून तथा आदेश पारित गरेको छ । सन् २०२२ मा अवैध आप्रवासन नियन्त्रण गर्ने प्रतिबद्धतासहित चुनाव जितेको 'ब्रदर्स अफ इटाली' ले आफ्ना नीतिका कारण आप्रवासी आगमन ८० प्रतिशत घटेको दाबी गरेको छ ।

यसैबीच, सरकारविरोधी प्रदर्शनकारीहरूले मेलोनी सरकारमाथि युद्ध र हतियारको अर्थतन्त्रलाई बढावा दिएको, 'पुलिस राज्य' निर्माण गर्न खोजेको र आप्रवासीविरुद्ध घृणाको वातावरण सिर्जना गरेको आरोप लगाएका छन् । आगामी निर्वाचनअघि मेलोनीको दक्षिणपन्थी आधारलाई चुनौती दिने नयाँ राजनीतिक शक्ति पनि उदाउँदै गएको बताइएको छ ।

# जावेदले आफूलाई ऐनामा हेर्नुपर्छ : जिलेस्पी

एएफपी । पाकिस्तान क्रिकेट टोलीका पूर्व प्रशिक्षक जेसन जिलेस्पीले राष्ट्रिय टोलीको पछिल्लो अवस्थाका लागि चयनकर्ताका अध्यक्ष आकिब जावेदलाई जिम्मेवार ठहराउँदै आफूले गरेका निर्णयबारे पहिले आफैँलाई हेर्नुपर्ने बताउनुभएको छ ।

पाकिस्तानले इंग्ल्यान्डविरुद्धको टेस्ट शृङ्खलामा लगातार दुई हार बेहोरेपछि मुख्य प्रशिक्षक सरफराज अहमद र बलिङ प्रशिक्षक उमर गुललाई हटाउनुका साथै सात खेलाडीलाई घर फर्काएको छ । जिलेस्पीले टोली व्यवस्थापनको अस्थिरताले खेलाडीहरू डर र दबाबमा खेलिरहेको देखिएको बताउनुभयो ।

सन् २०२४ मा करिब आठ महिना पाकिस्तानको प्रशिक्षक रहनुभएका जिलेस्पीले चयन प्रक्रियामा स्पष्ट रणनीति नरहेको आरोप लगाउँदै निर्णयहरू बारम्बार परिवर्तन भइरहेको बताउनुभयो । उहाँले पहिलो टेस्टमा कप्तानी गरेका सलमान अली आगालाई दोस्रो टेस्टमा टोलीबाट हटाएर तेस्रो टेस्टअघि घर फर्काइएको घटनाप्रति पनि प्रश्न उठाउनुभयो ।

जावेदले आफू र पाकिस्तानका पूर्व सेतो बल प्रशिक्षक ग्यारी कर्स्टनलाई टोलीको समस्याका लागि दोष दिएको भन्दै जिलेस्पीले त्यसप्रति आपत्ति जनाउनुभयो । "आकिब जावेदले आफूलाई ऐनामा हेर्न आवश्यक छ । उहाँ दुई वर्षदेखि चयनकर्ताका अध्यक्ष हुनुहुन्छ, हामी त्यहाँ नभएको समयमा भएका समस्याको दोष हामीमाथि लगाउनु उचित होइन", उहाँले भन्नुभयो ।

जिलेस्पीले चयनकर्ताको नेतृत्व र खेलाडीबीच संवादको अभाव रहेको दाबी गर्दै टोलीबाट हटाइएका खेलाडीले आफ्नो अवस्थाबारे परिवार, साथी वा सञ्चारमाध्यमबाट मात्र थाहा पाउनु अपमानजनक भएको बताउनुभयो ।

इङ्गल्यान्डले पहिलो दुई टेस्टमा पाकिस्तानलाई हेडिङ्लेमा एक इनिङ्स र १०३ रन तथा लर्ड्समा १९४ रनले पराजित गरेको छ । तेस्रो तथा अन्तिम टेस्ट सेप्टेम्बर ९ देखि एजबस्टनमा सुरु हुनेछ । पाकिस्तानले बाँकी भ्रमणका लागि न्युजिल्यान्डका माइक हेसनलाई मुख्य प्रशिक्षक र अस्ट्रेलियाका एशले नोफ्केलाई बलिङ प्रशिक्षकको जिम्मेवारी दिएको छ ।

# अष्ट्रेलिया भ्रमणमा नेपालको ब्याटिङ किन चल्न सकेन ?



काठमाण्डु । नेपाल 'ए' क्रिकेट टोली हाल अष्ट्रेलिया भ्रमणमा छ । टोलीले टप एन्ड टी-२० सिरिज सकाएर अहिले एकदिवसीय खेल खेलिरहेको छ ।

नेपाल 'ए' ले एकदिवसीय शृङ्खलामा पनि आफ्नो खराब ब्याटिङ जारी राखेको छ । नेपालले पहिलो खेलमा अष्ट्रेलियाको घरेलु टोली तास्मिनियाविरुद्ध खेलेको थियो । उक्त खेलमा पहिला ब्याटिङ गरेको नेपाल ४३.३ ओभरमा १९२ रनमै अलआउट भयो ।

तास्मिनियाविरुद्ध नेपालका कुनै पनि अर्धशतकीय पारी खेल्न सकेनन् । त्यस खेलमा नेपाल २ विकेटले पराजित भयो । नेपालले दोस्रो खेलमा झन खराब ब्याटिङ गऱ्यो ।

शुक्रबार दक्षिण अष्ट्रेलियाविरुद्धको उक्त खेलमा २६० रनको लक्ष्य पछ्याएको नेपाल २२.१ ओभरमा १२१ रनमै समेटियो । दोस्रो एकदिवसीय खेलमा पनि नेपालका कुनै पनि ब्याटरले अर्धशतकीय इनिङ खेल्न सकेनन् ।

दक्षिण अष्ट्रेलियाविरुद्ध नेपाल १३८ रनले पराजित भयो । नेपालले अब आइतबार अन्तिम खेलमा न्यूजील्यान्डविरुद्ध खेल्नेछ ।

**टप एन्ड टी-२० सिरिजमा पनि खराब प्रदर्शन**

तेस्रो संस्करणको टप एन्ड टी-२० का लागि नेपाल क्रिकेट सङ्घ (क्यान) ले 'ए' टोलीलाई प्रतियोगिता खेल्न अष्ट्रेलिया पठाएको थियो । 'ए' नाम दिए पनि टिममा समावेश अधिकांश खेलाडीले अन्तरराष्ट्रिय क्रिकेटमा पदार्पण गरिसकेका छन् । नेपालले टप एन्ड टी-२० सिरिज २०२६ मा पनि लिग चरणमा छ वटा खेल खेल्न पायो । नेपालले छमध्ये चारमा पराजय र दुई खेलमा मात्र जित निकाल्यो ।

गत संस्करणमा पनि नेपालले यही प्रकारको नतिजा निकालेको थियो । यसपटक नेपालको सुरुवात निकै कमजोर रह्यो । नेपालले आयोजक नर्दन टेरिटोरी स्ट्राइकविरुद्ध ८ विकेटको पराजय व्यहोर्दै प्रतियोगिताको सुरुआत गरेको थियो ।

दोस्रो खेलमा नेपालको भेट बङ्गलादेश हाई-परफर्मेन्ससँग भयो । उक्त खेलमा नेपालले ९ विकेटको हार व्यहोर्यो । तेस्रो खेलमा भने नेपालले उत्कृष्ट पुनरागमन गर्दै होबार्ट हरिकेन्सको एकेडेमीलाई ३९ रनले हरायो । सोही लय दोहोर्याउँदै नेपालले चौथो खेलमा अष्ट्रेलियन क्यापिटल टेरिटोरीविरुद्ध चार विकेटको जित निकाल्यो ।

पाँचौँ र छैटौँ खेलमा भने नेपालले फेरि लय गुमायो । नेपालले पाँचौँ खेलमा हैदराबाद किङ्समेन एकेडेमीविरुद्ध ३१ रन र भिक्टोरिया सिए-११ विरुद्ध एक विकेटको पराजय व्यहोर्यो । यसरी समग्रमा नेपालले छ खेलबाट चार अङ्क मात्र जोड्यो । नेपाल तालिकाको सातौँ स्थानमा रह्यो ।

**ब्याटिङमा किन सुधार देखिएन ?**

अष्ट्रेलियामा खराब नतिजा दोहोऱ्याउनुमा त्यहाँ खेलेको अनुभवको कमी रह्यो । नेपालका पूर्वराष्ट्रिय क्रिकेटर शरद भेषवाकर पनि अष्ट्रेलियाको पिचमा खेल्न कठिन हुने बताउनुहुन्छ ।

"अष्ट्रेलियाको पिचमा बल धेरै बाउन्स हुन्छ । हाम्रा लागि त्यहाँको पिच कठिन नै मानिन्छ । यद्यपि हामीले त्यहाँको पिचमा पनि खेल्ने बानीको विकास गर्नुपर्छ," भेषवाकरले राससँग भन्नुभयो, "यस प्रतियोगितामा नेपालले लय पाउन निकै सङ्घर्ष गरेको देखियो । ब्याटिङमा कुशलबाहेक अरू ब्याटर चल्न नसक्दा टोलीले आफूअनुकूल नतिजा निकाल्न सकेन ।"

खेलमा पराजय व्यहोरे पनि यस्तो प्रकारको प्रतियोगिताले आगामी दिनमा सिनियर टोलीलाई धेरै फाइदा पुग्ने उहाँको बुझाइ छ ।

"अष्ट्रेलिया भ्रमणमा नेपाल 'ए' ले अपेक्षाअनुसार नतिजा दिन नसके पनि केही खेलमा प्रतिस्पर्धात्मक क्रिकेट भने खेल्यो । यस प्रकारका प्रतियोगिताले खेलाडीको क्षमता अभिवृद्धि गर्न धेरै मद्दत पुर्याउँछ," भेषवाकर भन्नुहुन्छ, "ठूला प्रतियोगितामा खेल्दा खेलाडीमा आत्मविश्वास बढ्छ । साथै उनीहरूसामु आफ्नो क्षमता देखाउने अवसर पनि मिल्छ ।" रासस

# नेपाल 'ए' को अर्को हार



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल 'ए' साउथ अस्ट्रेलियासँग १ सय ३८ रनले पराजित भएको छ । २ सय ६० रनको लक्ष्य पछ्याएको नेपाल 'ए' १ सय २१ रनमै अलआउट भएपछि साउथ अस्ट्रेलियाले सहज जित निकालेको छ ।

पहिले ब्याटिङ गरेको साउथ अस्ट्रेलियाले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २ सय ५९ रन बनाएको थियो । जवाफमा नेपाल 'ए' का ब्याटरहरू साउथ अस्ट्रेलियाको बलिङसामु टिक्न सकेनन् ।

नेपाल 'ए' का लागि राशिद खानले सर्वाधिक ३७ रन बनाए। उनले ३४ बलमा ४ चौका र २ छक्का प्रहार गरे। मयन यादवले २०, दीपकप्रसाद डुम्रेले १८ र अनिलकुमार साहले ११ रन जोडेका थिए । पवन सर्राफले ८ रन बनाएका थिए ।

त्यस्तै त्रितराज दासले ४, रिजन ढकालले ४, युभराज खत्रीले ३ र लोकेश बमले १ रन बनाए। कुशल मल्ल र नारायण जोशीले खाता खोल्न सकेनन् ।

साउथ अस्ट्रेलियाका एस जोन्सनले ३ विकेट लिएका थिए । सिजे थम्पसन र एच शिलरले समान २ विकेट लिँदा एच ज्याकब्स र एल ब्याड्सले समान १ विकेट हात पारे ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको दक्षिण अस्ट्रेलियाले निर्धारित ५० ओभरमा ओभरमा ९ विकेट गुमाएर २ सय ५९ रन बनाएको छ ।

साउथ अस्ट्रेलियाका लागि डाउट्जी हुगेनबोजेमले १ सय ११ रनको शतकीय इनिङ खेलेका थिए । उनले १ सय २२ बलमा ४ चौका र ५ छक्का प्रहार गरेका थिए । लाच्लान बांग्सले ४२ तथा जेरिसिस वाडियाले २९ रन बनाएका थिए ।

नेपाल 'ए'का लागि राशिद खानले १० ओभरमा ६१ रन खर्चेर २ विकेट लिएका थिए । रिजन ढकालले ९.६ ओभरमा ४९ रन खर्चेर १ विकेट लिएका थिए ।

त्यस्तै नारायण जोशीले ४ ओभरमा १६ रन दिएर १ विकेट, पवन सर्राफले ८ ओभरमा २८ रन खर्चेर १ विकेट तथा लोकेश बमले ५ ओभरमा ३६ रन दिँदै १ विकेट लिएका थिए ।

शाहब आलमले ५ ओभरमा १५ रन, युवराज खत्रीले ७ ओभरमा ४२ रन तथा दीपक डुम्रेले १ ओभरमा १० रन खर्चिएका थिए ।

नेपाल ए पहिलो एक दिवसीय खेलमा तास्मानियासँग पनि २ विकेटले पराजित हुनु परेको छ ।

# उद्धारकै दौरान भरतले लगाए मेजरको फुली



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली राष्ट्रिय फुटबल टोलीको कप्तानी गरिसकेका त्रिभुवन आर्मी क्लबका फरवार्ड भरत खवास नेपाली सेनाको मेजर (सेनानी) पदमा बढुवा भएका छन् ,

नेपाली सेनाले भरत सह-सेनानी (क्याप्टेन) बाट नियमित प्रक्रियाअनुसार मेजरमा बढुवा गरेको छ । उनको बढुवापछि दर्ज्यानी चिन्ह विपद् व्यवस्थापनअन्तर्गत उद्धारमा खटिएकै मैदानमा प्रदान गरिएको छ ।

गत भदौ १० गते आएको विनाशकारी बाढीबाट प्रभावित नुवाकोटको त्रिशूली क्षेत्रमा उद्धार तथा राहत कार्यमा खटिएका भरतलाई त्यही मेजरको दर्ज्यानी चिन्ह लगाइएको छ ।

ब्रिगेडियर जनरल अनुपविक्रम राणाले उनलाई दर्ज्यानी चिन्ह प्रदान गरेका थिए । कार्यक्रममा पश्चिम एयर बेसका महासेनानी प्रताप बोहराको पनि उपस्थिति थियो । भरत ४ दिनदेखि त्रिशूली क्षेत्रमा उद्धार कार्यमा खटिँदै आएका छन् । विपद्का बेला उद्धारमा सक्रिय रहेकै समयमा बढुवा भएर नयाँ जिम्मेवारीको दर्ज्यानी चिन्ह लगाउन पाउँदा खुसी लागेको उनले बताएका छन् ।

'देशमा विपद् आइपरेको बेला उद्धारमा खटिन पाउनु आफैंमा अवसर हो। यस्तो अवसर सबैले पाउँदैनन्,' भरतले भने।

राष्ट्रिय फुटबल टोलीबाट लामो समय खेलेका भरतले सेनामा जानुअघि नेपाल पुलिस क्लबबाट खेलेका थिए । सेनामा प्रवेश गर्ने क्रममा उनले खुला प्रतिस्पर्धाबाट अधिकृत क्याडेटमा नाम निकालेका थिए ।

सेनामा रहेर अनुशासित र मिहिनेती अधिकृतको परिचय बनाएका खवासले त्रिभुवन आर्मी क्लब तथा नेपाली राष्ट्रिय टोलीबाट थुप्रै सफलता हासिल गरे । उनले सन् २००८ मा राष्ट्रिय टोलीबाट डेब्यु गरेका थिए ।

# किएभमा चौबीसै घण्टा रुसी आक्रमण



एएफपी । युक्रेनको राजधानी किएभमा रुसी ड्रोन र क्षेप्यास्त्र आक्रमणको समय र शैली फेरिएको छ । यसअघि मुख्यतः राति हुने आक्रमण पछिल्लो एक सातादेखि दिनमा समेत हुन थालेपछि किएभवासीको दैनिकी चौबीसै घण्टा हवाई आक्रमणको त्रास र अवरोधमा परेको छ ।

रुसले तीव्र गतिमा उड्ने जेट-सञ्चालित ड्रोन प्रयोग गर्न थालेपछि आक्रमणको ढाँचा बदलिएको हो । हवाई आक्रमणको साइरन, विस्फोट र हवाई प्रतिरक्षाको आवाज अब सहरको दैनिक जीवनकै हिस्सा बनेका छन् । साइरन बज्दा मल, बैंक, विद्यालय तथा अन्य व्यवसायका काम रोक्नुपर्ने र सर्वसाधारण सुरक्षित स्थानमा जानुपर्ने अवस्था छ । आक्रमणका कारण यातायातसमेत प्रभावित भएको छ । हवाई चेतावनीका कारण रेलहरू बाटोमै रोकिने र यात्रुहरू सामान बोकेर पैदल हिँड्नुपर्ने अवस्था आएको छ । ड्रोनका कारण जीपीएस सङ्केत अवरुद्ध हुँदा ट्याक्सी सेवासमेत प्रभावित भएको छ ।

भोलोदिमर बोभ्सुनोभ्स्कीले करिब चार वर्षीया छोरीका लागि कपडा किन्न मल पुग्दा २० मिनेटमै हवाई आक्रमणको चेतावनी बजेको र धुवाँ देखिएपछि खाली हात फर्किनुपरेको बताउनुभयो । "विगत सात दिनमा धेरै परिवर्तन भएको छ", उहाँले भन्नुभयो । उहाँ परिवारलाई केही समय सुरक्षित र शान्त वातावरण दिन किएभ छाड्नेबारे समेत सोचिरहनुभएको छ ।

युद्धले व्यक्तिगत जीवनका महत्त्वपूर्ण क्षणसमेत प्रभावित पारेको छ। इरिना बारानोभा र इभहेन मित्सिकले हवाई आक्रमणकै बीच विवाह गर्नुभएको थियो । मित्सिकले यस्तो अवस्थामा जीवन र परिवारको महत्त्व अझ बढी महसुस हुने बताउनुभयो । उहाँले भन्नुभयो, "बिहान उठेपछि त्यस दिनको अधिकतम उपयोग गर्नुपर्छ, किनभने अर्को मौका नहुन सक्छ ।"

टेट्याना सेभचेन्कोले ध्यानले लगातारको साइरन र विस्फोटबीच आफूलाई शान्त रहन मद्दत गरेको बताउनुभयो । तर हवाई आक्रमणकै कारण सरकारी कार्यालयमा आफ्नो पालो गुमाएर लामो प्रक्रिया दोहोऱ्याउनुपरेको उहाँको अनुभव छ ।

लगातारको आक्रमणले केही बासिन्दालाई सहर छाड्ने सोच्न बाध्य बनाएको छ । आइटी कर्मचारी इभान दात्सिभको अपार्टमेन्टमा रुसी ड्रोन ठोक्किँदा क्षति पुगेपछि उहाँले शान्त र सुरक्षित अर्को सहरमा बसाइँ सर्ने विचार गरिरहनुभएको छ । बारम्बार साइरन बज्ने भएकाले आश्रयस्थलमा जाने र फर्किने समयसमेत नपुग्ने उहाँले बताउनुभयो ।

# एक सातादेखि च्यामको फोरजी टावर ठप्प



हुम्ला। जिल्लाको अदानचुली गाउँपालिका-५ च्यामस्थित नेपाल टेलिकमको फोरजी टावर एक सातादेखि सञ्चालनमा नआउँदा स्थानीय सञ्चार सेवाबाट वञ्चित हुनुपरेको छ।

टावर बन्द भएपछि मोबाइल फोन तथा इन्टरनेट सेवा प्रभावित हुँदा स्थानीयलाई फोन सम्पर्क तथा सूचना आदानप्रदानमा समस्या भएको अदानचुली-५ का स्थानीय बालबहादुर मल्लले बताउनुभयो।

उहाँका अनुसार टावर एक सातादेखि बिग्रिएको छ, जसबाट बिरामी तथा आपत्कालीन अवस्थामा आफन्तसँग सम्पर्क गर्न, आवश्यक सूचना आदानप्रदान गर्न समस्या भइरहेको छ। स्थानीयले यथाशीघ्र टावर मर्मत गरी सेवा सुचारु गर्न माग गरिरहनुभएको छ।

त्यस टावरले जिल्लाको अदानचुली र मुगुको सोरु गाउँपालिका आसपासको क्षेत्रमा सञ्चार सम्पर्क गराउन योगदान दिँदै आएको छ। नेपाल टेलिकम हुम्लाका सूचना अधिकारी रामबहादुर बोहोराका अनुसार पछिल्लो समय लामो समयसम्म घाम नलाग्दा सोलारमा चार्ज हुन नसकेपछि टावर सञ्चालनमा समस्या आएको हो।

उहाँले केन्द्रीय कार्यालयको प्राविधिक शाखाबाट समेत टावरको अवस्थाबारे हेर्न लगाइएको र सोलारमा भएको पावर नउठेकै कारण टावर नचलेको जानकारी आएको बताउनुभयो।

सूचना अधिकारी बोहोराका अनुसार सोलारमा कम्तीमा ४८ घण्टासम्म राम्रोसँग चार्ज भए टावर आफैँ सञ्चालनमा आउनेछ। जिल्ला सदरमुकाम सिमकोटमा समेत सोलारमा आवश्यक पावर नहुँदा दैनिक छदेखि आठ घण्टासम्म सेवा अवरुद्ध हुने गरेको बताउनुभयो। रासस

# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा राहत दाखिला गर्ने बढ्दै

काठमाण्डु । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा राहत दाखिला गर्ने दाताहरुको सङ्ख्या बढ्दै गएको छ।

भोटेकोशी बाढीपीडितलाई राहत, उद्धार तथा पुनःस्थापना गर्न दाताहरुले राहत कोषमा रकम दाखिला गर्ने क्रम बढ्दै गएको हो।

गुल्मी : भोटेकोशी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि गुल्मीका स्थानीय तहले रु एक करोड ४७ लाख ४३ हजार ४३ सहयोग गर्ने निर्णय गरेका छन्।

जिल्लाका १० स्थानीय तहले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम जम्मा गर्ने निर्णय गरेका हुन्।

बाढीबाट ठूलो जनधनको क्षति भएपछि प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाउँदै स्थानीय तहले आफ्ना कोष तथा जनप्रतिनिधि, कर्मचारी र शिक्षकको पारिश्रमिकबाट रकम जुटाएर सहयोग गर्ने निर्णय गरेको बताएका छन्।

सत्यवती गाउँपालिकाले रु ३० लाख ६८ हजार ३९१, इस्मा गाउँपालिकाले रु २१ लाख एक हजार ६९६, रुरु क्षेत्र गाउँपालिकाले रु २६ लाख ७५ हजार र कालीगण्डकी




गाउँपालिकाले रु १९ लाख ५५ हजार १५६ सहयोग गर्ने भएका हुन्।

चन्द्रकोट गाउँपालिकाले रु १४ लाख, धुर्कोट गाउँपालिकाले रु १३ लाख ३७ हजार, रेसुङ्गा नगरपालिकाले रु १० लाख, गुल्मी दरबार गाउँपालिकाले रु पाँच लाख, मदाने गाउँपालिकाले रु चार लाख पाँच हजार ८०० र मालिका गाउँपालिकाले रु तीन लाख सहयोग गर्ने निर्णय गरेका हुन्।

सुनसरी : बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानले भोटेकोशी बाढीपीडितका लागि रु ३७ लाख दुई हजार सहयोग गरेको छ।

प्रतिष्ठानका पदाधिकारी, शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थी तथा पूर्वकर्मचारी (पेन्सनर) ले एक दिन बराबरको पारिश्रमिक, भत्ता तथा पेन्सन सहयोग स्वरूप रकम उपलब्ध गराएको प्रमुख मोहनकुमार राईले जानकारी दिनुभयो।

विराटनगर : विराट ग्रुप, विराट नगरले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ७२ लाख दाखिला गरेको छ। रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत तथा उद्धार कार्यमा सहयोग पुर्याउने उद्देश्यले उक्त रकम राहत कोषमा दाखिला गरिएको विराट ग्रुपका अध्यक्ष प्रा डा ज्ञानेन्द्र मानसिंह कार्कीले जानकारी दिनुभयो। कोषमा ग्रुपमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको तर्फबाट एक दिनको तलब सङ्कलन गरिएको थियो।

भक्तपुर : भक्तपुरका दुई वटा विद्यालयले रु नौ लाख पाँच हजार ३०४ राहत सङ्कलन गरेका छन्। रसुवामा गएको बाढी पीडितको राहतका लागि एभरेस्ट इङ्लिस स्कुल र एभरेस्ट भक्तपुर स्कुलले उक्त रकम सङ्कलन गरेका हुन्।

एभरेस्ट इङ्लिस स्कुलबाट रु छ लाख २३ हजार ४४ र एभरेस्ट भक्तपुर स्कुलबाट रु दुई लाख ८२ हजार २६० आज प्रधानमन्त्री राहत कोषमा दाखिला भएको सो विद्यालयका प्रधानाध्यापकले जानकारी दिनुभएको छ। रासस

# पालिका हुलाक 'स्मार्ट हुलाक' मा रुपान्तरण

वालिङ । स्याङ्जाको वालिङस्थित पालिकास्तरीय हुलाकलाई 'स्मार्ट हुलाक'मा रुपान्तरण गरिएको छ।

नेपाल सरकारले देशभरका ५० वटा हुलाकलाई स्मार्टमा रुपान्तरण गर्ने योजनासँगै वालिङलाई स्मार्ट हुलाकमा विकसित गरिएको हो।

हुलाकले प्रदान गर्दै आएको सेवालाई 'डिजिटलाइज' प्रविधिबाट अझै प्रभावकारी रुपमा अगाडि बढाइएको जिल्ला हुलाक कार्यालयका प्रमुख गुरुप्रसाद मरासिनीले जानकारी दिनुभयो।




"हुलाक कार्यालयबाट अहिले भइरहेका कार्यलाई अझै प्रविधिमैत्री, छिटो छरितो र डिजिटल तरिकाले काम गर्ने प्रक्रियानै स्मार्ट हुलाकको उद्देश्य हो", उहाँले भन्नुभयो, "यसमा सेवाग्राहीले आफूले पठाएको चिठी कतिबेला कहाँ पुग्यो भनेर आफैँले हेर्न मिल्छ, जसबाट अझै सहज र विश्वसनीय हुने देखिन्छ।"

स्मार्ट हुलाकलाई भौतिक पूर्वाधार विकास, आधुनिक यन्त्र उपकरणको व्यवस्थापन, डिजिटल सुरक्षा, ट्र्याकिङ प्रणालीको व्यवस्थासँगै सेवालाई प्रविधिमैत्री बनाइने उहाँले जानकारी दिनुभयो।

उक्त हुलाकबाट हुँदै आएका हस्तलिखित तथा कागजी प्रक्रियालाई विस्थापित गर्दै डिजिटल र प्रविधिमैत्री तरिकाले सेवा दिने गरी विकास गर्दै लगिएको पालिकास्तरीय हुलाक कार्यालय वालिङका प्रमुख राहुल विकले बताउनुभयो।

पुरानो तरिकाले तथ्याङ्क ढङ्गामा राख्ने परिपाटीको क्रमशः अन्त्य गर्दै डिजिटल माध्यमबाट अझै विश्वसनीय, छिटो छरितो र भरपर्दो माध्यमको रुपमा विकसित गर्ने काम भइरहेको जानकारी दिइएको छ। स्याङ्जामा एक जिल्ला हुलाक, दश वटा पालिकास्तरीय र ३८ वटा अतिरिक्त हुलाक छन्। रासस

# विपद् प्रभावितलाई बङ्गलादेशद्वारा १० लाख अमेरिकी डलर सहयोग

काठमाण्डु।बंगलादेशसरकारले नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १० लाख अमेरिकी डलर सहयोग गरेको छ। नेपालमा आएको विनाशकारी बाढी तथा पहिरोपछि जारी राहत, पुनःस्थापना तथा मानवीय प्रयासलाई सहयोग गर्न उक्त रकम शुक्रबार सहयोग गरेको हो।



बंगलादेशका विदेश राज्यमन्त्री हुमायुन कबिरले त्यहाँका लागि नेपाली राजदूत घनश्याम भण्डारीलाई प्रधानमन्त्री तारिक रहमानले नेपालका प्रधानमन्त्री वालेन्द्र शाहलाई सम्बोधन गरी पठाएको उक्त पत्र हस्तान्तरण गर्दै सोबारे जानकारी गराउनुभएको हो। यसअघि, सेप्टेम्बर १ मा विदेश राज्यमन्त्री कबिरले ढाकास्थित नेपाली दूतावासमा राखिएको शोक पुस्तिकामा हस्ताक्षर गर्दै भोटेकोशी बाढी विपद्प्रति समवेदना व्यक्त गर्नुभएको थियो।

आकस्मिक बाढीपछि बङ्गलादेशका प्रधानमन्त्री तारिक रहमानले प्रधानमन्त्री वालेन्द्र शाहलाई पठाउनुभएको सन्देशमार्फत नेपाल सरकार र नेपाली जनताप्रति ऐक्यबद्धता व्यक्त गर्दै पीडितप्रति समवेदना तथा सहानुभूति प्रकट गर्नुभएको थियो। त्यस्तै राष्ट्रपति मिर्जा फखरुल इस्लाम आलमगीरले पनि नेपालमा विपद्का कारण भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख तथा सहानुभूति व्यक्त गर्दै राष्ट्रपति रामचन्द्र पौडेलमार्फत समवेदना प्रकट गर्नुभएको थियो।

बाढीको विपद्प्रति बङ्गलादेशको संसद्ले २७ अगस्टमा बसेको बैठकमा शोक प्रस्ताव पारित गर्दै बाढी पीडित तथा बेपत्ता भएका व्यक्तिहरूप्रति दुःख र सहानुभूति व्यक्त गरेको थियो। दिवङ्गत आत्माहरूको चिरशान्तिका लागि एक मिनेट मौनधारण गरी प्रार्थना पनि गरिएको थियो। संसद्ले विपद्को प्रतिक्रियास्वरूप नेपाललाई आवश्यक सहयोग उपलब्ध गराउन तत्काल कदम चाल्न बङ्गलादेश सरकारलाई आग्रहसमेत गरेको थियो।

साथै बङ्गलादेशका विदेशमन्त्री डा खलिलुर रहमानले सो सम्बन्धमा २७ अगस्टमा आफ्ना नेपाली समकक्षी शिशिर खनालसँग टेलिफोन वार्ता गर्नुभएको थियो। उक्त वार्ताका क्रममा उहाँले आवश्यकताअनुसार नेपाललाई सम्भव सबै प्रकारको सहयोग गर्न बङ्गलादेश तयार रहेको आश्वासन दिँदै मानवीय सहयोग विस्तार गर्ने तरिकाबारे छलफल गर्नुभएको थियो। रासस

# म्याग्देमा व्यवसाय विस्तारसँगै आत्मनिर्भरता बढ्दै

दमौली।म्याग्दे गाउँपालिकामा उद्यम तथा व्यवसाय विस्तारसँगै स्थानीयस्तरमा रोजगारी र आयआर्जनका अवसर बढ्दै गएका छन्। व्यापार, कृषि तथा पशुपालन, होटल तथा रेष्टुरेन्ट, पर्यटन, सेवा तथा उत्पादनमूलक क्षेत्रमा व्यवसाय सञ्चालन गर्ने क्रम बढेसँगै गाउँपालिकाको आर्थिक गतिविधि पनि विस्तार हुँदै गएको हो।



गाउँपालिकाको आर्थिक विकास शाखाका अनुसार हालसम्म विभिन्न प्रकृतिका ५१४ वटा व्यवसाय तथा उद्यम दर्ता भएका छन्। व्यवसाय दर्ताको तथ्याङ्कले स्थानीय नागरिक उद्यमशीलतातर्फ आकर्षित हुँदै गएका र स्थानीय सीप, श्रम तथा पुँजीलाई गाउँमै परिचालन गर्ने वातावरण निर्माण हुँदै गएको शाखा प्रमुख प्रदीप न्यौपानेले बताउनुभयो।

उहाँका अनुसार म्याग्देमा किराना पसल, खाजा तथा होटल, रेष्टुरेन्ट, कृषि तथा पशुपालन फार्म, कपडा पसल, वर्कसप, सिलाइकटाइ, राइस मिल, फर्निचर, ब्यूटीपार्लर, इलेक्ट्रोनिक्सलगायत व्यवसाय सञ्चालनमा छन्। पर्यटन क्षेत्रलाई आधार बनाउँदै तीनवटा सामुदायिक होमस्टे (घरबास) सञ्चालनमा आएका छन्।

गाउँपालिकामा सबैभन्दा बढी १५५ वटा किराना पसल दर्ता भएका शाखा प्रमुख न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार १०८ खाजा तथा होटल, रेष्टुरेन्ट, १०३ कृषि तथा पशुपालन फार्म सञ्चालनमा छन्। साथै कपडा पसल, वर्कसप, सिलाइकटाइ, भाडा पसल, राइस मिललगायत व्यवसायी दर्ता भई सञ्चालनमा छन्। ग्यारेज, हार्डवेयर, सुनचाँदी, सामुदायिक घरबास, बेकरी, सैलुन, चाउमिन र खानी व्यवसाय दर्ता भएका छन्।

म्याग्देमा दर्ता भएका १०० कृषि तथा पशुपालन फार्मले स्थानीय उत्पादनलाई व्यवसायसँग जोड्ने सम्भावना देखिएको न्यौपानेको भनाइ छ। कृषि तथा पशुपालनलाई व्यावसायिक रूपमा अघि बढाउँदा स्थानीय उत्पादन वृद्धि हुनुका साथै गाउँमै रोजगारी र आयआर्जनका अवसर सृजना गर्न सकिने उहाँले उल्लेख गर्नुभयो।

कृषि उत्पादन, पशुपालन तथा त्यसमा आधारित व्यवसायले स्थानीय बजारलाई समेत चलायमान बनाउन सहयोग पुर्‍याएको छ।

कृषि उत्पादन होटल तथा रेष्टुरेन्टमा खपत हुने र स्थानीय बजारमा बिक्री वितरण हुने भएकाले एउटा व्यवसायले अर्को व्यवसायलाई समेत टेवा पुर्‍याउने अवस्था बनेको उहाँले बताउनुभयो।

म्याग्देमा व्यवसाय विस्तार हुन थालेसँगै स्थानीय नागरिकले आफ्नो श्रम, सीप र पुँजीलाई आफ्नै ठाउँमा परिचालन गर्ने अवसर पाएका छन्। यसले रोजगारीका लागि अन्यत्र जानुपर्ने बाध्यता कम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले बताउनुभयो।

उहाँले भन्नुभयो, "उद्यम तथा व्यवसायले राम्रो गर्दै गएको अवस्था छ। स्थानीय नागरिक आफैँले व्यवसाय सञ्चालन गरेर आत्मनिर्भर र स्वावलम्बी बन्ने क्रम बढेको छ। गाउँपालिकाले पनि उद्यमशीलता विकास, सीप अभिवृद्धि र व्यवसाय प्रवर्द्धनका कार्यक्रममार्फत स्थानीयलाई प्रोत्साहन गर्दै आएको छ।"

म्याग्दे गाउँपालिकाले उद्यमशीलता प्रवर्द्धनका लागि नवप्रवर्तनात्मक कार्यक्रमअन्तर्गत अभिमुखीकरण तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ। उक्त कार्यक्रमबाट १५ जना उद्यमीले नमूनाका रूपमा उद्यम तथा व्यवसाय सञ्चालन गरेका छन्।

परम्परागत रूपमा रोजगारी खोज्नुभन्दा आफ्नै व्यवसाय सृजना गर्ने वातावरण निर्माण गर्नु अहिलेको आवश्यकता भएकाले नवप्रवर्तनमा आधारित कार्यक्रमले स्थानीय समस्या पहिचान गरी त्यसको समाधानसँगै आम्दानीको अवसर सृजना गर्न सहयोग पुर्‍याउने अधिकारीले बताउनुभयो।

म्याग्देमा व्यवसाय दर्ताको सङ्ख्या बढ्दै गए पनि व्यवसाय दर्ता गर्नुमात्र सफलताको आधार नभएको गाउँपालिकाले जनाएको छ। दर्ता भएका व्यवसायलाई दिगो, नाफामूलक, प्रतिस्पर्धी, गुणस्तरीय, बजारमुखी तथा वातावरणमैत्री बनाउनु अबको चुनौती रहेको आर्थिक विकास शाखा प्रमुख न्यौपानेले बताउनुभयो।

व्यवसायीलाई दर्ता, नवीकरण, कर तथा कानुनी प्रक्रियाका साथै व्यवसाय व्यवस्थापन, बजार व्यवस्थापन, उत्पादनको गुणस्तर, वित्तीय साक्षरता र वातावरणीय जिम्मेवारीबारे समेत आवश्यक जानकारी र सहजीकरण गर्नुपर्ने उहाँको भनाइ छ। रासस

# सुनसान: चमेरे गुफा

दाङ। यहाँको चमेरे गुफा आजकाल सुनसान छ। गुफा तुलसीपुर उपमहानगरपालिका-४ मुलकोटमा अवस्थित छ।

गुफाले पर्यटकीय सम्भावना बोकेको भए पनि मोटरबाटो नभएकाले आजकाल सुनसान भएको हो। गुफा अवलोकनका लागि पर्यटकलाई पैदल हिँडेर जानुपर्ने बाध्यता छ।

गुफासम्म पुग्न करिब चार किलोमिटर बाटो हिँड्नुपर्छ। बाटो कच्ची तथा साँघुरो भएकाले मानिसहरु त्यहाँ जान अल्छी मान्छन्। जिल्लाका अन्य पर्यटकीय क्षेत्रमा भने पर्यटकको चहलपहल छ।

झन्डै दुई दशक पहिले पत्ता लागेको थियो, चमेरे गुफा। गुफाको प्रचारप्रसार र प्रवर्द्धन गर्ने सके बाह्य तथा आन्तरिक पर्यटकीयको आकर्षणको केन्द्र बन्ने सम्भावना देखेका छन्– यहाँका स्थानीयले।


तुलसीपुर उपमहानगरपालिका-४ की ४८ वर्षीया शारदादेवी ओलीले गुफाको विकासमा स्थानीय सरकारले ध्यान नदिएको गुनासो गर्नुहुन्छ। उहाँले गुफाको विकासमा ध्यान दिनसके आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने प्रचुर सम्भावना छ, भन्नुहुन्छ। गुफाभित्र देवीदेवता, शेषनाग र बाघको स्वरुप देख्न सकिन्छ। गुफाको बाहिरी भाग र भित्री भागका भित्तामा विभिन्न स्वरुपहरु देख्न पाइन्छ।

बाहिरबाट हेर्दा पहाड र त्यसभित्र अवस्थित गुफामा चमेराहरु बस्ने गरेका छन्। विसं २०५२ मा पत्ता लागेको गुफा कसले र कसरी पत्ता लगायो भन्ने सम्बन्धमा प्राफ अनविज्ञ छन्। यहाँका केही जानकार भने भिरमा घाँस काट्न जाँदा महिलाले पत्ता लगाएको बताउँछन्।

गुफासम्म पुग्न बाटोमा सिँढीहरु निर्माण गरिएको छ। राप्ती राजमार्गअन्तर्गत तुलसीपुर सल्यान सडकखण्डको हर्नेटीसम्म बाटो पक्की छ। चमेरे गुफा संरक्षण समितिका अध्यक्ष भूपबहादुर पुनले गुफासम्म पुग्ने चारकिलो मोटरबाटो साँघुरो र कच्ची हुँदा अवलोकन गर्ने आउने पर्यटकलाई कठिनाइ हुने गरेको बताउनुहुन्छ।

पर्यटक पैदल हिँड्नु अप्ठेरो भएपछि आधा बाटोबाटै फर्कने गरेका छन्। टाढाबाट आउने पर्यटक बस चढेर आउने गरेका छन्।

सात वर्ष पहिले यहाँका सरकारी निकायको सहयोग तथा स्थानीयवासीको सक्रियतामा गुफासम्म पुग्ने कच्ची बाटो, यात्रु प्रतीक्षालय, चमेना गृह तथा अन्य केही संरचना निर्माण भए



पनि पछिल्ला वर्षमा उक्त संरचना जीर्ण बन्दै गएका छन्।

बजेटको व्यवस्थाका लागि स्थानीयले लुम्बिनी प्रदेश सरकार तथा तुलसीपुर उपमहानगरपालिकामा हारगुहार गरेपनि केही सुनुवाइ नभएको अध्यक्ष पुनले बताउनुभयो। चमेरे गुफालाई पर्यटकीय केन्द्रका रुपमा विकास गर्न गुफाभित्र बिजुली, सिँडी, बाहिर प्रतीक्षालय, शौचालय, सिँडी, चमेना गृह पनि निर्माण गरिए पनि मुख्य बाटो सहज नहुँदा सास्ती हुने गरेको अध्यक्ष पुन बताउनुहुन्छ।

हाल संरक्षण समितिले चमेरे गुफा अवलोकनका लागि प्रतिव्यक्ति रु २० लिने गरको छ। त्यसबाट जम्मा भएको रकम गुफाको विकासमा उपयोग गर्रिंदै आएको छ।

तुलसीपुर उपमहानगरपालिका पर्यटन शाखाका प्रमुख झरेन्द्र खरेलले यस वर्ष चमेरे गुफाको भौतिक पूर्वाधार विकासका लागि बजेट विनियोजन नभएको जानकारी दिनुहुन्छ। उहाँले गुफा संरक्षणमा पर्यटकीय गन्तव्य बनाउने योजना रहेता पनि बजेट अभावका कारण सडक पक्की बनाउन नसकेको बताउनुभयो।

उहाँले भन्नुभयो, "बाटो पक्की बनाउनका लागि ठूलो आकारको बजेट चाहिन्छ। त्यो उपमहानगरपालिकाको बजेटले पर्याप्त नहुने हुँदा भौतिक पूर्वाधार विकासअन्तर्गत सङ्घीय सरकार तथा प्रदेश सकार रकम विनियोजन गरिनुपर्छ।

"सन् २०११ मा चमेरे गुफाको प्रचारप्रसारका लागि भन्दै स्थानीयको सहयोगमा महोत्सव पनि आयोजना गरिएको थियो। सो अवधिमा धेरै सङ्ख्यामा पर्यटकले गुफाको अवलोकन गरेका थिए। तर पछिल्ला वर्षमा गुफाको अवलोकनमा आउनेको सङ्ख्या कमी हुँदै गएको छ। रासस

## बाढीका कारण क्षतिग्रस्त झोलुङ्गे पुलको मर्मत सुरु

काठमाण्डु। सरकारले रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीले क्षति पुऱ्याइएका २० वटा झोलुंगे पुलको मर्मतमा सुरु भएको जनाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार बाढीले मुग्लिङदेखि टिमुरेसम्म रहेका ६४ वटा झोलुङ्गे पुलमध्ये ५३ वटामा क्षति पुर्याइएको थियो।

"सरकारी अधिकारीहरूले प्रभावित क्षेत्रमा पुगेर मूल्याङ्कन गर्दा क्षति पुगेका ५३ मध्ये २० वटा झोलुङ्गे पुलको मर्मत गर्नुपर्ने निष्कर्ष निकालेका थिए", कार्यालयले भनेको छ, "क्षतिग्रस्त पुल मर्मतका लागि सरकारले भदौ १७ गते कार्यादेश जारी गरेको थियो।" जसमध्ये महेश दोभान-मास्टार, कालिकाथान, मलिङ्गा-मझुवाटार, केउरेनी-गहते र पिमलटार-जागराम खोला झोलुङ्गे पुलको मर्मतमा प्रगति भएको छ। यी पाँच वटा झोलुङ्गे पुलहरू एक महिनाभित्र मर्मत सम्पन्न गरिनेछ।रासस

# मधेश प्रदेशका अझै १७८ जना सम्पर्कविहिन, ३९ सम्पर्कमा, ३ को मृत्यु

**टुडे समाचाराता**

जनकपुरधाम । रसुवाको भोटेकोशी लगायतका विभिन्न नदी क्षेत्रमा आएको विनाशकारी बाढीपछि मधेश प्रदेशका विभिन्न जिल्लाका १७८ जना व्यक्ति अझै सम्पर्कविहीन रहेका छन् । प्राप्त जानकारी अनुसार अहिलेसम्म ३९ जना सम्पर्कमा आइसकेका छन् भने तीन जनाको शव फेला परेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयले शुक्रवार बिहानसम्म सार्वजनिक गरेको विवरण अनुसार प्रदेशका आठवटै जिल्लाबाट अहिलेसम्म २२० जना सम्पर्कविहीन भएको छ । तीमध्ये ३८ जना सम्पर्कमा आएको र दुई जनाको मृत्यु भएको प्रहरीको अभिलेखमा उल्लेख छ ।

प्रहरीको विवरण अनुसार सप्तरी र बाराका एक-एक जनाको शव फेला परेको छ । यद्यपि, प्रहरीको तथ्यांकमा समावेश नभएका थप दुई घटनाबारे पनि जानकारी आएको छ । सप्तरीका संजय साह सम्पर्कमा आएको तथा महोत्तरीको गौशाला नगरपालिका-५ का कुशल खप्ताङ्गी मगरको शव फेला परेको विवरण प्रहरी अभिलेखमा समेटिएको छैन ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालका अनुसार प्रहरीलाई प्राप्त सूचनाका आधारमा विवरण अद्यावधिक गरिएको हो । उनका अनुसार महोत्तरीको गौशालाका मगरको शव फेला परेको विषयमा प्रहरीलाई औपचारिक जानकारी प्राप्त भएको छैन ।

त्यसैगरी, शुक्रवार बिहान करिब साढे १० बजे सम्पर्कमा आएका सप्तरीका संजय साहबारे



ढिलो जानकारी प्राप्त भएकाले उनको विवरण पनि तत्काल तथ्यांकमा समावेश हुन सकेन ।

मधेश प्रदेशका आठ जिल्लाबाट अझै १७८ जना सम्पर्कविहीन छन् । ३९ जना सम्पर्कमा आएका छन् भने तीन जनाको मृत्यु भएको हो ।

प्रहरीको तथ्यांकमा सप्तरी सबैभन्दा बढी प्रभावित जिल्लाका रूपमा देखिएको छ । त्यहाँ ५२ जना सम्पर्कविहीन रहेकामा तीन जना सम्पर्कमा आएका छन् भने एक जनाको मृत्यु भएको छ ।

त्यसपछि पर्सामा ४६ जना सम्पर्कविहीन रहेको विवरण छ । तीमध्ये तीन जना सम्पर्कमा आइसकेका छन् । बारामा ३० जना सम्पर्कविहीन रहेकामा चार जना सम्पर्कमा आएका छन् भने एक जनाको मृत्यु भएको छ ।

रौतहटबाट २० जना सम्पर्कविहीन भएकामा छ जना सम्पर्कमा आएका छन् । सर्लाहीका २७ जना सम्पर्कविहीनमध्ये छ जना सम्पर्कमा आएका छन् । महोत्तरीमा १७ जना सम्पर्कविहीन रहेकामा सात जना सम्पर्कमा आइसकेका छन् ।

त्यस्तै, धनुषाका १४ जना सम्पर्कविहीनमध्ये सात जना सम्पर्कमा आएका छन् भने सिरहाका १४ जनामध्ये दुई जना सम्पर्कमा आएको प्रहरीको विवरणमा उल्लेख छ ।

बाढीपछि सम्पर्कविहीन हुनेमा सर्वसाधारणसँगै सुरक्षा निकायका कर्मचारीसमेत रहेका छन् । प्रहरीतर्फ १० जना कर्मचारी सम्पर्कविहीन रहेकोमा आठ जना सम्पर्कमा आइसकेका छन् । नेपाली सेनातर्फ भने पाँच जना सम्पर्कविहीन रहेकोमा एक जना सम्पर्कमा आएका छन् ।

रसुवाको बाढीमा ठूलो संख्यामा मानिस सम्पर्कविहीन भएपछि उनीहरूको खोजी तथा उद्धारलाई तीव्र बनाइएको छ । नेपाल प्रहरीले बाढी प्रभावित क्षेत्रमा खोजी, उद्धार तथा सम्बन्धित निकायबीच आवश्यक समन्वयको कार्य निरन्तर भइरहेको जनाएको छ ।

# जनकपुरधामका १५ पोखरीमा फेरी डोजर चलाइने, आर्थिक लेनदेनको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाभित्ररहेकागुठीसंस्थानअन्तर्गतका अतिक्रमित पोखरी तथा पोखरीका डिल खाली गराउने अभियानलाई गुठी संस्थान शाखा कार्यालय धनुषाले थप तीव्र बनाएको छ ।

पहिलो चरणमा गत भदौ ६ गते जनकपुरधामका सात वटा अतिक्रमित पोखरीका डिलमा निर्माण गरिएका घर तथा संरचना डोजर प्रयोग गरी हटाइएको थियो । त्यसको १४ दिनपछि शुक्रवार गुठी संस्थानले दोस्रो चरणअन्तर्गत थप १५ वटा पोखरी तथा तिनका डिलमा भएको अतिक्रमण हटाउन सार्वजनिक सूचना जारी गरेको हो । सूचनामार्फत सम्बन्धित व्यक्ति तथा संस्थालाई सात दिनभित्र पोखरी र पोखरीको डिल खाली गर्न भनिएको छ ।

गुठी संस्थानले सार्वजनिक गरेको सूचनामा जनकपुरधामका देवान पोखरी (चन्द्रकूप), मध्यमासर, रुक्मिणी सर, विडाल सर (विराही), गेन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी (जिरोमाइलभन्दा उत्तरपूर्वी), लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहार कुण्डलगायत पोखरी तथा तिनका डिलमा अतिक्रमण भएको उल्लेख गरिएको छ ।

यी पोखरी तथा पोखरीका डिलमा अनधिकृत रूपमा निर्माण गरिएका घर तथा अन्य संरचना हटाउन सम्बन्धित व्यक्ति र संस्थालाई सात दिनको समय दिइएको हो । तोकिएको अवधिमा अतिक्रमण नहटाए आठौं दिनदेखि डोजर लगाएर घरलगायतका संरचना भत्काउने चेतावनी दिइएको छ ।

गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२ को प्रतिवेदन कार्यान्वयन समितिका सदस्य सचिव जनक पोखरेलले निर्धारित समयभित्र सम्बन्धित



पक्षले पोखरीको डिल खाली नगरे पुनः डोजर सञ्चालन गरिने बताए ।

पोखरेलका अनुसार सूचनामा समेटिएका १५ पोखरीमध्ये १२ वटाको रेखांकन भइसकेको छ । बाँकी तीन पोखरीको रेखांकनसमेत आइतवारसम्म सम्पन्न हुनुपर्ने अवस्था रहेको उनले जानकारी दिए ।

अतिक्रमित पोखरी पहिचानका लागि वृहत्तर जनकपुर विकास क्षेत्र परिषद्का तत्कालीन प्रमुख भोजराज घिमिरेले तयार पारेको प्रतिवेदनलाई आधार बनाइएको छ । तर, अतिक्रमण भएको वास्तविक क्षेत्रको रेखांकन भने नापी कार्यालयले गर्दै आएको समितिले जनाएको छ ।

गुठी संस्थानले जारी गरेको सार्वजनिक सूचनामा राजगुठीअन्तर्गत रहेका पोखरी तथा पोखरीका डिल परिसरमा विभिन्न व्यक्ति तथा संस्थाले अनुमति बिना अतिक्रमण गरी संरचना निर्माण गरेर भोगचलन गर्दै आएको उल्लेख छ । तोकिएको समयभित्र अतिक्रमण नहटाए प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनीसमेत संस्थानले दिएको छ ।

जनकपुरधामका ऐतिहासिक पोखरी तथा गुठीको सम्पत्तिमाथि लामो समयदेखि अतिक्रमण हुँदै आए पनि सरकारी निकायले प्रभावकारी रूपमा चासो नदिएको भन्दै विभिन्न समयमा गुनासो हुँदै आएको थियो । अहिले भने गुठी संस्थानले चरणबद्ध रूपमा अतिक्रमण हटाउने प्रक्रिया अघि बढाएको छ ।

## आर्थिक लेनदेनको आरोप

यसअघि पहिलो चरणमा अतिक्रमित पोखरीका डिल खाली गराउने क्रममा कच्ची घर मात्रै भत्काइएको र आर्थिक लेनदेनका कारण पहुँचवाला तथा पैसावाल व्यक्तिका पक्की घर नहटाइएको आरोपसमेत लागेको थियो ।

तर, उक्त आरोपको समितिका सदस्य सचिव पोखरेलले ठाडो अस्वीकार गरेका छन् । आफूहरूले कसैप्रति काखापाखा नगरेको र कुनै प्रकारको आर्थिक लेनदेन नभएको दाबी गर्दै उनले नापी कार्यालयले गरेको रेखांकन तथा उपलब्ध गराएको नापनक्साका आधारमा मात्रै संरचना हटाइएको बताए ।

पोखरेलले भने, 'हामीले कहीँ पनि वा कसैसँग काखापाखा वा आर्थिक लेनदेन गरेका होइनौं । सम्बन्धित नापी कार्यालयले रेखांकन गरे दिएको नापनक्सा अनुसार भत्काएका हौं । नापी कार्यालयले कुन आधारमा रेखांकन गरेको हो र अन्य व्यक्तिको लालपुर्जा कसरी बन्यो भन्ने कुरा तिनका पदाधिकारीहरुलाई नै थाहा होला ।'

यसैबीच, पहिलो चरणमा घर भत्काइएका व्यक्तिहरूले भने गुठी संस्थानमाथि विभेद गरेको आरोप लगाउँदै आएका छन् । आफूहरूको घर अतिक्रमणमा परेको भन्दै भत्काइए पनि सोही डिलको एउटै लाइनमा रहेका पक्की घरहरू आर्थिक लेनदेनका आधारमा छाडिएको उनीहरूको आरोप छ ।

घर भत्काइएका व्यक्तिहरूको भनाइमा एउटै डिलमा एकै लाइनमा रहेका २५ घरमध्ये २० वटा घर भत्काइयो भने पाँच वटा घर लालपुर्जा रहेको भन्दै छाडिएको छ ।

उनीहरूको प्रश्न छ, 'एउटै डिलको एउटै लाइनमा रहेका २५ घरमध्ये २० वटा घर तोडियो र ५ वटा घर लालपुर्जा छ भनेर छोडियो । जब मेरो घर डिलमा छ भने तिनीहरु बसेका डिलको लालपुर्जा कसरी बन्यो, त्यसको छानबीन हुनुपरयो ।'

गुठी संस्थानले भने अतिक्रमण हटाउने क्रममा नापी कार्यालयबाट भएको रेखांकनलाई आधार बनाइएको स्पष्ट गर्दै आएको छ ।

# भारतीय कुखुरामा रोक लगाउन भन्दै आमरण अनशन

**टुडे समाचारदाता**

रौतहट । रौतहटका एक किसान भारतीय कुखुरा तथा चल्लाको अवैध आयात रोक्नुपर्ने र स्थानीय बजारमा मासुको मूल्यमा भइरहेको मनपरी नियन्त्रण गर्नुपर्ने माग गर्दै आमरण अनशनमा बसेका छन् ।

जिल्ला कुखुरा व्यवसायी किसान संघ रौतहटका सचिव राधेश्याम साहले शुक्रबारदेखि जिल्ला प्रशासन कार्यालयअगाडि आमरण अनशन सुरु गरेका हुन् । स्थानीय प्रशासन तथा सुरक्षा निकायलाई पटक-पटक समस्या समाधानका लागि आग्रह गर्दा पनि सुनुवाइ नभएको भन्दै आफू बाध्य भएर अनशनमा बसेको साहको भनाइ छ ।

संघका अनुसार खुला सीमाको फाइदा उठाउँदै भारतबाट दैनिक ठूलो परिमाणमा कुखुरा तथा चल्ला अवैध रूपमा नेपाल भित्रिने गरेका छन् । सस्तो मूल्यमा भारतीय कुखुरा बजारमा आउँदा स्थानीय किसानले उत्पादन गरेको कुखुरा बिक्री गर्न कठिन हुने र लागतसमेत उठाउन नसक्ने अवस्था सिर्जना भएको संघको दाबी छ ।

किसानको मुख्य गुनासो तस्करी मात्रै नभई बजार व्यवस्थापनसँग पनि जोडिएको देखिन्छ । किसानका अनुसार उत्पादन लागत बढ्दै गए पनि बजारमा मूल्य निर्धारण पारदर्शी छैन । बिचौलिया र केही व्यवसायीले किसानबाट सस्तोमा कुखुरा खरिद गर्ने तर उपभोक्तासम्म पुग्दा मासुको मूल्य अत्यधिक बढाउने गरेको आरोप संघले लगाएको छ ।

अवैध कुखुरा तथा चल्ला तस्करीमा प्रहरी प्रशासनकै संरक्षण रहेको आरोपसमेत संघले लगाएको छ । तर, उक्त आरोपको स्वतन्त्र पुष्टि भने भएको छैन । किसानले भने सीमामा हुने अवैध आयातमाथि प्रभावकारी निगरानी र कारबाही हुनुपर्ने माग गरेका छन् ।

संघले भारतीय कुखुरा, चल्ला तथा मासुको अवैध आयात पूर्ण रूपमा रोक्न, संलग्न व्यक्तिमाथि कानुनी कारबाही गर्न तथा स्थानीय बजारमा मासुको वैज्ञानिक र पारदर्शी मूल्य निर्धारण गर्न माग गरेको छ ।

त्यसैगरी जिल्लाभित्रै पर्याप्त उत्पादन हुँदाहुँदै बाहिरी जिल्लाबाट कुखुरा भित्र्याउने प्रवृत्तिले स्थानीय किसान थप



मारमा परेको भन्दै कुखुराको आयात-निर्यातसम्बन्धी नीति पुनरावलोकन गर्न पनि संघले माग गरेको छ ।

कुखुराको बजारमा देखिएको समस्या किसान र उपभोक्ता दुवैसँग जोडिएको छ । एकातर्फ उत्पादन लागत बढिरहेको भन्दै किसानले उचित मूल्य नपाएको गुनासो गरिरहेका छन् भने अर्कोतर्फ उपभोक्ताले मासु महँगो भएको गुनासो गर्दै आएका छन् ।







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८